लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १८, अंक ०३, २०८१ साउन १८ गते शुक्रबार (August 02, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू. १०/- website: www.nayabimarsha.com

## दाहालको घैंटोमा घाम



काठमाडौं/ १८ वर्षसम्म सत्तामा डुबुल्की मारेर नेपाली काँग्रेस र नेकपा (एमाले) लाई मोहरा बनाउँदै आएका नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको घैंटोमा घाम लाग्न पुगेको छ। सत्ताच्यूत भएपछि अहिले उनी जनतामाझ जाने भनी भन्न थालेका छन्।

खासगरी दुई ठूला दल काँग्रेस र एमाले मिलेर सरकार गठन गरेपछि अध्यक्ष दाहाललाई छटपटि शुरु भएको छ। संगठन खुम्चिन थालेपछि र जनताले विश्वास गर्न थालेपछि माओवादी केन्द्रका नेताहरुको निद हराम हुन पुगेको छ।

चारदिनसम्म चलेको पदाधिकारीहरुको बैठकमा पदाधिकारीहरुले उठाएको प्रश्नको जवाफ दिँदै अध्यक्ष दाहालले जनतासँगको कडी टुटेको भन्दै देशव्यापी भ्रमण गर्ने बताएका हुन्। आगामी २०८४ को चुनावमा काँग्रेस-एमालेले (बाँकी ७ पृष्ठमा)

## ओली सरकारमा, दाहाल गाउँमा



भक्तपुर/ गत असार १८ गते तात्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले भनेको तथा गरेको व्यवहारका कारण दाहाल र ओलीको कित्ता परिवर्तन हुन पुगेको छ। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष समेत रहेका दाहालसँगको भेटमा ओलीले तात्कालिन अवस्थामा सरकारको समीकरण परिवर्तन नगर्ने भनी दाहाललाई आश्वस्त पारेका थिए। ओलीले 'स्वर्ग गए पनि नर्क गए पनि सँगै जाने' भनी दाहाललाई आश्वस्त पार्ने कार्य गरे पनि अघिल्लो रात नै ओलीले आफू प्रधानमन्त्री बन्ने बाटो स्पष्ट पारिसकेका थिए। दाहाललाई भ्रममा पार्न सफल ओलीले सोही दिनको राति नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग दाहाल नेतृत्वको सरकार परिवर्तन गर्ने सहमतिपत्रमा हस्ताक्षर गरिसकेका थिए।

कांग्रेससँगको ७ बुँदे समझदारीपत्रमा हस्ताक्षर गरेको भोलिपल्ट समेत दाहाललाई थाङ्नामा सुताउन सफल ओली अहिले देशको प्रधानमन्त्री बनेका छन्। दाहाल भने सत्ताच्यूत मात्र भएका छैनन् कि प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतमा पुगेका छन्। आफूलाई थाङ्नामा सुताउने तथा काखमा राखी पछाडिबाट छुरा हान्ने जस्तो कार्य ओलीबाट भएको भनी दाहालले गत असार २८ गते संसदमा विश्वासको मत माग्ने बेलामा समेत दुखेसो पोखेका थिए। उनले आफूलाई कांग्रेसका सभापति देउवाले स्पष्ट रुपमा सरकार परिवर्तन गर्ने सहमति भैसकेको भनी भन्दा समेत ओलीले झुट बोलेर विश्वासघात गरेको बताएका थिए।

संसदमा तेस्रो ठूलो दलको हैसियतमा खुम्चिएर पनि कांग्रेस एमालेलाई खेलाएर प्रधानमन्त्री बन्न सफल रहेका दाहाल ओलीका कारण अहिले प्रतिपक्षमा पुगेका छन्। आफूलाई निक्कै नै खेलाडी ठान्ने दाहाललाई चक्मा दिएर ओली उनैलाई विस्थापित गरी प्रधानमन्त्री बन्न सफल भएका छन्।

त्यसो त प्रधानमन्त्री रहेकै बेलामा ओलीको दबाब थेग्न नसकेको भन्दै दाहालले देउवासँग गठबन्धन परिवर्तनको चाहना पनि व्यक्त गरेको कुरा सार्वजनिक भएको थियो। यसअघि पटक पटक धोका पाइसकेका देउवाले दाहाललाई विश्वास नगरी बरु ओलीसँग संवाद गरी कांग्रेस एमालेको सरकार बनाउँदा त्यसले दीर्घकालिन रुपमा स्थायी सरकार बनाउन सघाउ पुऱ्याउने भनेका थिए। दाहालले पदका लागि जे पनि गर्न सक्ने भन्ने कुराको छनक पाएका ओलीले पनि दाहाललाई साथ दिनुभन्दा अहिले नै कांग्रेसको साथ लिएर सरकार बनाउने कुरामा सहमति जनाएका थिए।

यसरी दाहाललाई लोप्पा खुवाउँदै ओली भने सरकारमा पुगेका छन्। दुई वर्ष (बाँकी ७ पृष्ठमा)

## सरकारले गऱ्यो २१ जना सचिवको सरुवा

काठमाडौं/ गत श्रावण १४ गते बसेको मन्त्रिपरिषदको बैठकले एकैपटक २१ जना सचिवहरुलाई सरुवा गरेको छ। यसअघि पुष्पकमल दाहाल नेतृत्वको सरकारले पनि गत २०८० चैत १५ गते ठूलो संख्यामा सरुवा गरेको थियो।

सुशासन र सम्बृद्धि एवं विकासका लागि मन्त्रीहरुले आफ्नो 'एस म्यान' का रुपमा केही सचिवहरुलाई भित्र्याएका छन्। विगतको जस्तो कठपुतली बनेर कोही सचिवको सरुवा नभएको समाचार श्रोतले बताइएको छ।

पछिल्लो सरुवा अनुसार राजश्व सचिवबाट रामप्रसाद घिमिरेलाई अर्थ, अर्थका मधुकुमार मरासिनी उपराष्ट्रपति कार्यालय, उद्योगका दिनेशकुमार घिमिरेले- राजश्व सचिवको जिम्मेवारी पाएका छन्। त्यसैगरी जल तथा ऊर्जा आयोगका केशवकुमार शर्मा- भौतिक पूर्वाधार तथा यातायात, भौतिकका गोपालप्रसाद सिग्देल ऊर्जा, राष्ट्रिय तथ्यांक कार्यालयका सचिव अर्जुनप्रसाद पोखरेल- भूमि व्यवस्था गरिबी निवारण तथा सहकारी, भूमि व्यवस्थाका गोकर्णमणि दुवाडी- राष्ट्रिय तथ्यांक कार्यालयमा सरुवा भएका छन्। सरुवा हुने अन्य सचिवहरुमा घनश्याम उपाध्याय- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, रामेश्वर दंगाल-रक्षा, मुकुन्द निरौला श्रम तथा रोजगार, डिल्लीराम शर्मा लोकसेवा आयोग, (बाँकी ७ पृष्ठमा)

## चार महिनापछि भौतिकमै फर्किए शर्मा



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिवमा चार महिनापछि केशवकुमार शर्मा नै फर्किएका छन्। गत २०८० चैत १५ गतेको मन्त्रिपरिषद् बैठकबाट ऊर्जा आयोगमा सरुवा भएका सचिव शर्मालाई गत २०८१ श्रावण १४ गतेको मन्त्रिपरिषद् बैठकले भौतिक पूर्वाधार मन्त्रालयमा सरुवा गरेको हो।

मन्त्रिपरिषद् बैठकले शर्मासहित २१ जना सचिवहरुको सरुवा गरेको थियो। माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको उपप्रधान, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्नका लागि सचिव शर्मालाई हटाएका थिए। सचिव शर्मा भौतिककै क्याडर र सरुवा भएका सचिव गोपाल सिग्देलभन्दा क्षमतावान् एवं कर्मचारीहरुको भावना बुझ्न सक्ने र समन्वय गर्न सक्ने मानिन्छन् ।यतिबेला हाल ऊर्जा मन्त्रालयमा सरुवा भएका तात्कालिन भौतिक सचिव सिग्देल रनाहमा परेका छन्। मन्त्री महासेठलाई बुझाएको मोटो रकम असुलउपर (बाँकी ७ पृष्ठमा)

## कठपुतली सचिवहरुको कन्तविजोग



काठमाडौं/ गत श्रावण १४ गतेको मन्त्रिपरिषद् बैठकले सरुवा गरेका २१ जना सचिवहरुमध्ये दुईजना सचिवहरु मधुकुमार मरासिनी (अर्थ) र गोकर्णमणी दुवाडी (भूमिसुधार) को कन्तविजोग भएको सिंहदरबारभित्र चर्चा चलेको छ।

सरुवाबाट राम्रै आयआर्जन गर्ने सपना देखेका सचिव मरासिनी नेकपा (माओवादी केन्द्र) का तात्कालिन अर्थमन्त्री वर्षमान पुनको गोटी बन्दा र सचिव दुवाडी सरुवा आतंक आरोपमा खेदिएको जानकारहरुले बताएका छन्। मरासिनी मुख्यसचिवका उम्मेदवारमा चर्चा चलेको सचिव हुन् भने दुवाडी भूमिव्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्रालयमा सरुवा विचौलियाको दानापानीको थैली बुझाएर गृहसचिव बन्ने लविङ्गमा लागेको अवस्थामा राष्ट्रिय तथ्यांक कार्यालयमा सरुवा भएका सचिव हुन्। सरुवा भएपछि मरासिनी मंगलबार र दुवाडी बुधबार मन्त्रालयबाट विदाई भै सकेका छन्। सचिव दुवाडी भूमि व्यवस्था विभागको महानिर्देशक भै पैसा आउने विभिन्न श्रोतहरु जानी सकेकाले आर्थिक वर्षको अन्तिममा खनाल थरका महानिर्देशकलाई हटाएर विभागमा सापकोटा थरका व्यक्तिलाई महानिर्देशक बनाएर आफ्नो (बाँकी ७ पृष्ठमा)

## प्रधानमन्त्रीको निर्देशन पालना होला !



काठमाडौं/ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले विभिन्न २६ बुँदे निर्देशन दिएका छन्। सरकारका सचिवहरूलाई सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बोलाएर उनले निर्देशन दिएका हुन्।

चौथो पल्ट प्रधानमन्त्री बनेका ओलीले आफ्नो यो कार्यकालमा जनगुनासो नआउने गरी कार्य गर्नुपर्ने कुरामा आफू सचेत रहेको बताउँदै उनले दिएका निर्देशनहरु तल बुँदागत रुपमा राखिएको छ।

१) सवारी साधन, राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र लगायत सेवा लिने ठाउँमा उभिन नसक्ने ज्येष्ठ नागरिक पनि लाममा लाग्नुपर्ने स्थिति दुःखद् हो। यो ललितपुरकै एक कार्यालयको घटना हो। सरकारबाट जनता निराश हुनुपर्ने यस्तो खालको रवैया अन्त्य हुनुपर्छ। कर्मचारी सेवा गर्न बसेको हो, शासन गर्न बसेको होइन, हामीले जनतासँग नरम व्यवहार गरेर सेवा दिनुपर्छ। नागरिक एप्सका माध्यमबाट पनि सेवा व्यावहारिक र प्रभावकारी बनाउन सकिन्छ। त्यसैले कुनै पनि नागरिकलाई लाम नगरी सहजरुपमा सेवा दिइनुपर्छ। दुःखी गरिबलाई मान्छे नै नगन्ने प्रवृत्ति राख्नु हुँदैन। यसमा सम्बन्धित मन्त्रालय र निकायको ध्यानाकर्षण गराउँछु।

२) ढुक्कसँग काम गर्नुस्। यो सरकार स्थायित्वको कार्यभार लिएर आएको छ।

३) राज्यका मन्त्रालय र निकायमा तलव दिइएकाले बैठक आदिको भत्ता लिने गर्नु उचित हुँदैन। मुलुकमा २० प्रतिशतभन्दा बढी जनता निरपेक्ष गरिबीको रेखामुनी छन्, आर्थिक अवस्था राम्रो छैन। हामीले देश र जनताका लागि प्रतिबद्ध भएर सेवा दिनुपर्छ। दिनभरी काम नगर्ने र पाँच बजेपछि बैठक गरेर भत्ता लिने प्रवृत्ति छ (बाँकी ७ पृष्ठमा)

## राजदूत सिफारिसमा को को ?

काठमाडौं/ सरकारले विभिन्न १८ देशका लागि राजदूत सिफारिस गरेको छ। मन्त्रिपरिषदको बैठकले राजदूत सिफारिस गरेको हो।

नयाँ राजदूतहरुको सिफारिस गर्नुपूर्व मन्त्रिपरिषदको बैठकले चीन, अष्ट्रेलिया, रुस, दक्षिण अफ्रिका र श्रीलंकामा कार्यरत राजदूतलाई भदौ १५ गते भित्र फर्किसक्ने गरी फिर्ता बोलाएको थियो।

निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले फिर्ता बोलाएका डा. शंकरप्रसाद शर्मालाई वर्तमान (बाँकी ७ पृष्ठमा)

## 'घटिया नीति' का कारण धरापमा पर्दै मुलुक !

प्रसङ्गवश

अनुसा थापा



विकसित मुलुकको मुद्रा अन्य मुलुकमा चल्छ। अमेरिका, अष्ट्रेलिया होस् या खाडी मुलुक त्यहाँको पैसा साट्दाखेरि बढी रकम आउँछ। भारतको पैसा पनि नेपालमा बढी हुन्छ। नेपाली पैसा अरु देशमा चल्दैन। यही छिमेकीमा पनि नेपाली पैसा चल्दैन्। नेपाली रुपियाँ अन्य देशमा चलाउन नेपाल सरकारले पहल गरेको छैन।

अष्ट्रेलिया, अमेरिका होस् या खाडी तलब थोरै हुन्छ। त्यो पैसा नेपालमा साट्दा धेरै हुने भएकाले कमाउन विदेश जाने गरिन्छ। छिमेकी भारतकै दुई हजार रुपियाँ यहाँ ३२ सय हुन्छ। नेपाली पैसाको 'भ्यालु' काम भएकाले विदेश जानेको ओइरो लागेको हो। खाडी मुलुकमा मासिक हजारमा तलब दिइन्छ तैपनि नेपाली काम गर्न जान्छन्।

त्यो पैसा साट्दा त धेरै आउने भो। पढ्नका निम्ति अमेरिका, अष्ट्रेलिया, क्यानडा, युरोप जानेको संख्या वर्षेनी बढ्दै छ। उनीहरु उता गएपछि नेपाली नागरिकता त्याग्छन्। अनि, यहाँ भएको चलअचल सम्पत्ति बेचेर डलरमा सटही गरेर उतै लैजान्छन्।

कतिपयले हुण्डीमार्फत पनि लैजाने गरेका छन्। वास्तवमा भन्ने हो भने नेपाल सरकारसँग न नेपालीलाई नेपालमै रोक्ने रणनीति छ न यहाँको मुद्रा बलियो बनाउने। अष्ट्रेलिया कसरी धनी बन्यो ? त्यो त छर्लङ्ग छ। बाहिरबाट विद्यार्थी पनि ल्यायो, पैसा पनि। बाहिरबाट विद्यार्थी नल्याएमा त्यहाँको अर्थतन्त्रमा ठूलो धक्का पुग्ने छ।

यता, खाडी मुलुकले श्रमशक्ति लिएर गयो। त्योपनि सस्तोमा। त्यहाँका मान्छेलाई मासिक हजार रुपियाँ भनेको कति नैचाहिँ हो र! यहाँ साट्दा अलि धेरै रकम आउने भएकाले नेपाली वैदेशिक रोजगारीमा जाने गरेका हुन्। अरु देशले श्रमशक्ति पनि लिएर गयो, राम्रा विद्यार्थी र नेपाली पैसा पनि।

हामी ट्वाल्ल हेरेको हेर्यै छौं। विकसित होस् या खाडी मुलुक नेपालकै पैसा र नेपालीकै श्रमले विकास भयो। नेपालको त के प्रगति भएको छ ? हामी त (बाँकी ७ पृष्ठमा)



# सहमतीय सरकारबाट अपेक्षा

अर्जुननरसिंह के.सी.



दुई पार्टीको सशक्त कार्यकालमा पनि मुलुकले खेपिरहेको विकराल संकट- भ्रष्टाचार, कुशासन, दण्डहीनता, अराजकताको चक्रब्यूह तोड्न नसक्ने, यथास्थितिवादी सोच, साबिककै समस्या जीवित र निर्णायक भइरहने हो भने त्यस्तो अन्तहीन दुष्चक्रबाट मुलुकले मुक्ति नपाएर देश उपायहीन दुर्दशामा फस्ने तथा संकट झन् गहिरिँदै जाने अवश्यम्भावी छ।

कांग्रेस र एमाले सत्ता समीकरण र जिम्मेवारीको कठिन एवं चुनौतीपूर्ण ऐतिहासिक मोडबाट अघि बढ्दै छन्रु। तीन वर्षअघि असारमा सत्ताबाट हटेका प्रधानमन्त्री केपी शर्मा ओलीजीलाई संयोगवश गत असारमा नै सत्तामा पुनरागमनको बाटो खुल्योरु। देशका पहिलो र दोस्रो ठूलो पार्टीको अगुवाइमा सरकार गठन भएकामा नागरिकमा कौतुहल, आशा र संशय मिश्रित सरोकार हुनु स्वाभाविकै हो।

**सहमतीय सरकारबाट अपेक्षा**

चुनौतीको पहाड, वर्षौंदेखि नसुल्झेर थुप्रो लागेका कार्यसूचीको चाङ, सत्ताको शिखरदेखि जनस्तरसम्म पुगेको बेथिति, अव्यवस्था, वर्तमान सरकारले जिम्मेवारीका रूपमा पाएको विरासत हो । यो ‘महागठबन्धन’ सरकार पनि असफल भयो भने उत्पन्न हुने आमनिराशा र उपायहीनताको जोखिम झन् घनीभूत हुनेछ ।

देश सबै पक्ष र आयाममा कमजोर हुँदै छ। ‘नेपाल, राजनीतिक अस्थिरताका लागि विश्व च्याम्पियन’ शीर्षकमा फ्रान्सको दैनिक समाचारपत्र ‘ल मोन्द’ मा हालै एउटा लेख प्रकाशित भयोरु। नेपालबारे अन्तर्राष्ट्रिय जगत्ले अनुभव गरेको सन्देशलाई चेतावनीको अर्थमा बुझ्नु आवश्यक छरु। विकासको सन्दर्भमा आज पनि हामी गरिबी हटाउने, अल्पविकसित मुलुकको अवस्थाबाट विकासशील मुलुकको तहमा जाने, कानुनीराज, विधिको शासन र भ्रष्टाचारमुक्त समाज निर्माण गर्नेजस्ता २०४६ देखिकै नारा लगातार रट्दै आएका छौं । यसमा हामी को कति जिम्मेवार छौं, इतिहासकै गर्भमा छरु। तर अब यो कहिले पूरा गर्ने ? मुलुकमा विद्यमान पीडादायी समस्या समाधान हुने बाटोमा नलागेका चाहिँ पक्कै होइनन्रु। विकास, निर्माण र प्रगतिहरू भएकै छन्रु। तैपनि आमजनतामा निराशा र अविश्वास चरम रूपमा बढ्दै गएको छ, किन ?

हालै संसद्कै रोस्ट्रमबाट एक पूर्वमन्त्री तथा सांसदले ‘दिनभरि कुर्दा पनि काम नभएपछि बिचौलियालाई पाँच हजार घूस दिएर काम गराउन बाध्य भएँ’ भनेको कुराले सरकारका निकायमा बिचौलियाको बिगबिगी, भ्रष्टाचार र दण्डहीनताको भयानक परिस्थितिलाई देखाउँछरु। मैले आफ्नो लामो संसदीय जीवनकालमा पहिलोचोटि कुनै भूतपूर्व मन्त्री तथा सांसदले संसद्को रोस्ट्रमबाट शासकीय छविकै हुर्मत लिइरहेको यस्तो बयान सुनें ।

सार्वजनिक ऋणले २५ खर्बको तह छुन लाग्योरु। पुँजीगत (विकास) बजेटको रकमभन्दा सार्वजनिक ऋणको साँवा-ब्याज तिर्न छुट्याइएको बजेटको आकार ठूलो भइसक्यो । न्यूनतम रूपमा छुट्याएको पुँजीगत बजेटसमेत मुस्किलले ६० प्रतिशतमात्र खर्च भएकाले वित्तीय गतिहीनता, आर्थिक मन्दी, महँगी (औसत ८ प्रतिशत), बेरोजगारी अनियन्त्रित हुँदै छरु। हाम्रो अर्थतन्त्रमा ४६ किसिमका चुनौती र समस्या रहेको तथ्य अर्थ मन्त्रालय भन्दै छ । १७० मुलुकसँग व्यापार गर्ने नेपालले दैनिक व्यापार घाटा कहालीलाग्दो मात्रामा सरदर ३ अर्ब ९५ करोड बेहोरिरहेको छरु। गत आर्थिक वर्षको व्यापार घाटा १४ खर्ब ४० अर्ब र सो अवधिमा निर्यात केवल १ खर्ब ५२ अर्ब ३८ करोड रहेको अवस्था खतरासूचक हो ।

राजनीतिक व्यवस्था फराकिलो भयो, त्यही लय र अनुपातमा सामाजिक-आर्थिक प्रणाली फराकिलो बन्न सकेनरु। आर्थिक विकासको मापदण्ड भनेकै निरपेक्ष गरिबीको रेखामुनिका सीमान्तीकृत, उपेक्षित समूहको सामाजिक न्याय, सुरक्षा र आय सुनिश्चित गर्दै उत्पादन र रोजगारीको संख्यात्मक वृद्धि गर्नु हो । हरेक वर्ष सात लाखसम्म (दैनिक २५ सयदेखि तीन हजार) युवा रोजगारीका लागि देश छोड्न बाध्य छन् । विप्रेषणकै योगदानमा अर्थतन्त्रको प्राण-प्रतिष्ठा टिक्नु, हरेक दिन सरदर पाँच जनाको शव कफिनमा फर्किनु र रोजगारीको खोजीका क्रममा युद्धको मुखसम्म पुग्नु हाम्रो अर्थतन्त्र र सामाजिक अवस्थाको दर्दनाक चित्र हो।

कांग्रेस र एमालेबीच वर्तमान सरकार गठन गर्ने आधार सातबुँदे सहमति होरु। यसमा राष्ट्रिय हितको रक्षा गर्ने, राष्ट्रको आवश्यकताअनुरूप संविधान संशोधन तथा परिमार्जन गर्ने, राजनीतिक स्थायित्व, सुशासन, भ्रष्टाचार नियन्त्रण र विकास निर्माणको कामलाई गति दिने पक्षमा विशेष जोड दिइएको छरु। आमनिराशा अन्त्य गरेर जनतामा आशाको सञ्चार गर्ने जिम्मेवारीका मूल बुँदा पनि यिनै हुन्रु। दुई पार्टीको सशक्त कार्यकालमा पनि मुलुकले खेपिरहेको विकराल संकट- भ्रष्टाचार, कुशासन, दण्डहीनता, अराजकताको चक्रब्यूह तोड्न नसक्ने, यथास्थितिवादी सोच, साबिककै समस्या जीवित र निर्णायक भइरहने हो भने त्यस्तो अन्तहीन दुष्चक्रबाट मुलुकले मुक्ति नपाएर देश उपायहीन दुर्दशामा फस्ने तथा संकट झन् गहिरिँदै जाने अवश्यम्भावी छ।

दण्डहीनता, विधिविहीनता र भ्रष्टाचारको कठोरतापूर्ण अन्त्य नै प्रजातन्त्र र सुशासनको आत्मा होरु। यी आधारभूत चारित्रिक विशेषता गुमेको प्रजातन्त्र जनताका लागि केवल यातनायन्त्र हुन पुग्छ। भ्रष्टाचार र दण्डहीनतालाई कठोरतापूर्वक अन्त्य गरिएन भने भ्रष्टाचार र दण्डहीनताले यसका संरक्षकको अन्त्य गरिदिने खतरा टड्कारो छ। त्यो अवस्थामा सत्ताका घटकहरूले आत्मरक्षाका लागि अघि सारेका सारा तर्क निरर्थक र बकवास हुनेछन् ।

संविधान कार्यान्वयन भनेको संविधानका निर्जीव शब्दलाई पक्रेर जीवन्त भावनालाई उपेक्षा गर्नु वा संविधानमा छिद्र खोजेर स्वार्थपूर्तिका तर्क गर्नु होइन। मन्त्रिपरिषद् बारम्बार हेरफेर गरिरहने काम पनि सुशासन र स्थिरताको द्योतक होइनरु। संविधानमा संशोधन शासकीय संरचना वा पार्टी पद्धतिमा मौलिक परिवर्तनका लागि होइनरु। सबै पक्षसँग व्यापक परामर्श र राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन गर्नुपर्छ । आवश्यकता परे जनमत संग्रहमा जानसमेत तयार हुनुपर्छ । ब्रिटिस संविधानविद् तथा २०१५ सालको संविधानका सल्लाहकार सर आइवर जेन्निङ्सले भनेझैं ‘नेपालको संविधान स्थानीय उपयोगिता अनुकूल हुनुपर्छ । प्रत्येक प्रावधान स्थानीय परिस्थितिसँग सम्बन्धित हुनुपर्छ’ (राजनीतिक दर्पण-१, २०५८, पृ.५२७)।

निर्वाचन प्रणालीमा सुधार गर्ने, विपन्न परिवारबाट उठेको जुनसुकै होनहार व्यक्तिले समेत निर्वाचनमा उम्मेदवार हुन सक्ने गरी भ्रष्टाचार, तस्करी, बिचौलिया र कालोधनको बोलवाला अन्त्य गर्न जरुरी छरु। अस्थिरता, बारम्बार सरकार परिवर्तन, अनमेल राजनीतिक गठबन्धनलाई बाध्य बनाउने समानुपातिक निर्वाचन प्रथा खारेज गरी वैकल्पिक रूपमा राष्ट्रिय सभामा समाहित गर्ने वा समानुपातिक निर्वाचन क्षेत्रकै व्यवस्था गर्नुपर्ने आवश्यकता छरु। संघीय संसद् र प्रदेशसभामा सांसदको संख्या ५० प्रतिशतको हाराहारीमा घटाउनुपर्छ।

संवैधानिक अंगलाई सबल, स्वायत्त र प्रभावकारी बनाउने लगायतका दिशामा संविधान संशोधनको आवश्यकता छरु। विज्ञहरू ‘संविधानमा आयोगहरूको खातैखात संख्या निरर्थक हो’ भन्ने बहस चलाइरहेका छन् । निःशुल्क स्वास्थ्योपचारको हकजस्ता कतिपय मौलिक अधिकार कानुन बनाएर लागू गर्ने भनी सजावटी र देखावटी विषय बनेका छन् । मौलिक अधिकार हरेक नागरिकले निर्बाध रूपमा उपभोग गर्न संविधानबाट प्रत्यक्ष निःशृत अधिकार होरु। कानुन बनाएर लागू गर्ने विषय होइनरु। यस्ता अनगिन्ती प्रसङ्गमा संविधान संशोधन र परिमार्जन गर्नुपर्ने खाँचो छ ।

कांग्रेस र एमालेको स्थापना आफ्नै मौलिक दर्शन र चिन्तनमा आधारित छरु। कांग्रेस तराई मधेशमा हुर्केर पहाड र हिमालमा फैलिएको प्रजातन्त्रवादी पार्टी हो भने एमाले पहाडमा फैलिएर त्यसपछि तराई मधेशमा झरेको पार्टी होरु। यी पार्टीले सम्हालेको सत्ता कार्यकालमा प्रजातन्त्रका असल परम्परा बसाल्ने, संस्थागत र विधिसंगत कार्यगति र पद्धतिको विकास हुनैपर्छ।

संसद्मा उठ्ने गरेका र चर्चित बेथिति, विधिविहीनता र भ्रष्टाचारका काण्डलाई पारदर्शी र न्यायोचित निष्कर्षमा पुऱ्याउनु वर्तमान सरकारको दायित्व होरु। छिपछिपे दृष्टिकोण र टालटुले समाधानले विद्यमान समस्या समूल समाप्त हुँदैनन् । सरकारको कठोर कदम भ्रष्टाचारविरुद्ध निर्ममतापूर्ण प्रहारलाई प्रस्थानबिन्दु बनाउँदै निरन्तरताका साथ अघि बढ्नुपर्छ र सुशासनको निकासबिन्दुमा देशलाई नयाँपनको सुखानुभूति गराउन सक्नुपर्छन् । जनतालाई आफ्नै अतिशयोक्तिको विज्ञापनमात्र सुनाउने होइन, आफ्नो आगमनको कारण, प्रतिबद्धता र ध्येयअनुरूप परिणाममुखी देखिनुपर्छ । प्रतिपक्ष प्रजातन्त्रको रक्षक होरु। गलत र निरंकुश प्रवृत्तिमा अंकुश लगाउने सशक्त संयन्त्र र संसदीय मर्यादाको पालक पनि होरु। हामी सबै एउटै डुंगाका सहयात्रीजस्तो भएको वर्तमान अवस्थामा सबै मिलेर राष्ट्रिय आवश्यकता र जनभावनालाई सम्बोधन गर्नु जरुरी छ। *(साभारः कान्तिपुर)*

## ज्योति विकास बैंकद्वारा ज्योति गट ट्यालेन्टको प्रथम संस्करण आयोजना

काठमाडौं । ज्योति विकास बैंक लिमिटेडले ज्योति गट ट्यालेन्टको पहिलो संस्करण आयोजना गरेको छ। बैंकका देशभरीका शाखा कार्यालय तथा केन्द्रीय कार्यालयका कर्मचारीका साथै कर्मचारीका परिवारका बालबालिकाहरुको सहभागितामा बैंकको १६औं वार्षिकोत्सवको अवसरमा उक्त कार्यक्रम आयोजना गरिएको हो। ‘ज्योति गट ट्यालेन्ट २०२४’ मा कर्मचारीहरुको लागि ‘नृत्य, संगीत, हाँस्यव्यंग्य, चित्रकला र कविता’ गरि पाँच विधा राखिएको थियो भने बालबालिकाहरूका लागि ‘नृत्य, संगीत, हाँस्यव्यंग्य,




चित्रकला, जादू, हस्तलेखन, र कविता’ गरि सात विधाहरु समावेश गरिएको थियो, जसमा प्रतियोगीहरुको सक्रिय सहभागिता रहेको थियो ।

उक्त खुला आन्तरिक प्रतिस्पर्धात्मक प्रतियोगिताका विजेताहरू गत साउन ९ गते बैंकको १६औं वार्षिकोत्सव समारोहको अवसरमा घोषणा गरिएको थियो । विजेताहरुलाई बैंकका अध्यक्ष हरि चन्द्र खड्का र प्रमुख कार्यकारी अधिकृत कपिल ढकालद्वारा बधाई ज्ञापन गरेका थिए । यस कार्यक्रममार्फत, बैंकले कर्मचारीहरूको रचनात्मक सिप प्रवर्द्धन, आत्मविश्वासको अभिवृद्धि, र बालबालिकाको प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्दै प्रतिभा उजागर गर्ने लक्ष्य राखेको छ । यो कार्यक्रमले बहुप्रतिभाले सुसज्जित कर्मचारी र उनीहरूको वालवालिकाको प्रतिभाको प्रस्फुटन हुने उचित अवसर प्रदान गरेको छ । बैंकिङ सिपका अलावा, बैंकका कर्मचारी वर्गमा रहेका अन्य विशिष्ट सिपलाई उजागर गर्ने र प्रोत्साहन गर्ने अवसरको रूपमा यो प्रतियोगिता आयोजना गरिएको हो ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ।

## देशव्यापी ‘नबिल दिगो पाइला’ वाकाथन

काठमाडौं । नबिल बैंकले देशव्यापी ‘नबिल दिगो पाइला’ वाकाथन गरेको छ । दिगो भविष्यको प्रतिवद्धतासहित जनचेतना जगाउने उद्देश्यले वाकाथन गरिएको बैंकले जनाएको हो । शनिबार स्थापनाको ४०औं वार्षिकोत्सवको अवसरमा बैंकले दिगो भविष्य निर्माणको प्रतिवद्धता जनाउँदै देशव्यापी वाकाथन आयोजना गरेको हो । बैंकले हालसम्म प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्दै दिगो भविष्यप्रति




प्रतिवद्धताका लागि वाकाथनमार्फत ऐक्यवद्धता जनाएको छ। वाकाथन शुभारम्भ गर्दै बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले नबिलले ४० वर्ष अगाडि नै दिगो पाइला चालेका कारण अहिलेसम्म आइपुगेको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिँदै जाने प्रतिवद्धता जनाए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्ञानेन्द्र ढुंगानाले दिगो भविष्यको प्रतिवद्धतासहित देशव्यापी वाकाथन आयोजना गरिएको बताए । वाकाथन शनिबार दरबारमार्गको तीनधारास्थित केन्द्रिय कार्यालयबाट शुरु भइ कमलादी, घण्टाघर, भद्रकाली मन्दिर, शहीद गेट, न्युरोड गेट, वसन्तपुर दरबार स्क्वायर हुँदैफेरि केन्द्रिय कार्यालयमा पुगेर टुंगिएको थियो ।

बैंकका अनुसारनारायणगढ, बिराटनगर, बिर्तामोड, वीरगञ्ज, जनकपुर, पोखरा, बुटवल, नेपालगञ्ज,सुर्खेत, धनगढी, हेटौंडा र दाङमा पनि एकैसाथ आज वाकाथन आयोजना गरिएको थियो । बैंकले २४ लाखभन्दा बढी सेवाग्राहीलाई २६८ शाखा र ३१६ एटिएममार्फत सेवा प्रदान गर्दै आएको जनाएको छ ।

## सिद्धार्थ बैंकका ग्राहकलाई दूसित प्रिन्सेस काठमाडौंमा १५ प्रतिशतसम्म छुट

काठमाडौं । सिद्धार्थ बैंक र दूसित प्रिन्सेस काठमाडौंबीच बैंकका ग्राहकहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।



सम्झौता अनुसार बैंकका ग्राहकहरुले लाजिम्पाटस्थित दूसित प्रिन्सेस काठमाडौंमा बैंकको कार्ड, मोबाईल बैंकिङ तथा इन्टरनेट बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड, बेभरेज र लजिङमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

## हिमालयन बैंकको बनेपा शाखा पनौतीमा स्थानान्तर

काठमाडौं । हिमालयन बैंक लिमिटेडले सिभिल बैंकलाई प्राप्ति गरेपछि नजिक भएका शाखा सञ्जालहरुमध्ये बनेपा शाखा-२ लाई स्थानान्तरण गरी साविकको स्थानबाट करिब ६ किमी दक्षिणतर्फ पनौती नगरपालिका-७ को पनौती बसपार्कमा स्थानान्तर गरेको छ ।



यही साउन १३ गते आइतबारबाट नियमित रुपमा बैंकले पनौती शाखाको नामबाट सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्ने भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणाले बैंकको नयाँ शाखाको उद्घाटन गरेका हुन् ।

कार्यक्रममा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत अनुप मास्के, बैंकका उच्चपदस्थ कर्मचारीहरु तथा अन्य अतिथिहरु उपस्थित थिए ।

## सोतोकान कराते संघका १५ खेलाडी स्वदेश फर्किए




काठमाडौं । साउन ११ गते देखि १३ गतेसम्म कलकत्ताको नेता जी इन्डोर स्टुडियममा भएको इन्टरनेशनल कराते च्यालेन्ज च्याम्पियनसिपमा सहभागी भई नेपाल फर्किएका छन् ।

उनीहरुले आफ्नो राम्रो क्षमता प्रस्तुत गरेर नेपालको नाम चिनाएका छन् । यस टिममा सिनियर टिम कुमितेमा पुरु,दिपेश राइ,प्रदीप राइ,हिमांसु मगर,सुसान नेपाली,एकल कुमितेमा,नम्रता वाइवा, प्रथम रिहाना गैरे, द्वितीय कविता सुनार,द्वितीय सामरागे प्रधान, तृतिय हुनेहरुमा एदिक्स मियाँ,रिदम अमागाई,जस्मिना खड्का,र प्रदिप राई रहेका छन् । उक्त प्रतियोगितामा सहभागी खेलाडीहरुले कप, प्रमाण पत्रको साथमा नगद पनि हात पारेका छन् ।

Considering studying or working aboard?
Come to Joy International Language Institute
for all levels of
English and Spanish Language Classes
including IELTS, PTE, TOEFL
Improve your conversation skills
speaking with a native speaker.
Gatthaghar Road (on the way to
Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com





कौशलकुमार भट्टराई



कृष्ण लम्साल



पिएममणि भट्टराई



हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएममणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय..................

# हाम्रालाई होइन राम्रालाई प्राथमिकता देऊ

मुलुकमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी) को सरकार बनेको छ। तीन हप्ताअघि बनेको यो सरकारमा संसदको सबैभन्दा दुई ठूला दल मिलेर सरकार बनाएका हुन्। कांग्रेस सबैभन्दा ठूलो दलको रुपमा रहेको छ। यसैगरी दोस्रो ठूलो दल एमाले हो। संसारमा दुई प्रमुख तथा प्रतिस्पर्धी दलहरु मिलेर संयुक्त सरकार बनाएको उदाहरण कमै पाइन्छ। त्यस्तो कम उदाहरणीय कार्य कांग्रेस र एमालेले गरेका छन्। संसदीय निर्वाचन भएको डेढ वर्षपछि मात्र यी प्रतिस्पर्धी दलहरु सरकार बनाउन राजी भएका हुन्। यसअघि तेस्रो ठूलो दलको हैसियतमा रहेको नेकपा (माओवादी केन्द्र) को नेतृत्वमा तीनपटक सरकारको हेरफेर गरिएको थियो। शुरुमा एमालेसँग गठबन्धन गरी बनाएको सरकारलाई गठबन्धन परिवर्तन गरी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेस सहितको सरकार गठन गरेका थिए। त्यसपछि कांग्रेसलाई धोका दिएर फेरि एमालेको साथमा सरकार बनाएका थिए। त्यसपछि पनि एमालेलाई हटाएर कांग्रेससँग मिलेर सरकार बनाउने प्रयासमा दाहाल लागि रहेको जानकारी पाएपछि कांग्रेस र एमाले मिलेर उनैलाई किनारामा पुऱ्याई दिएका हुन्।

यसरी सरकार बनाइएको अवस्थामा हालका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले संविधान संशोधन र स्थिर सरकारका लागि बनाइएको भन्ने गरेका छन्। उनले विश्वासको मत लिने समयमा संसदमा उभिएर कांग्रेस र एमालेका बीचमा भएको सात बुँदे समझदारीपत्रको बारेमा उल्लेख गरेका थिए। उनले आफ्नो नेतृत्वमा दुई वर्ष तथा पछिको डेढ वर्ष कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वमा सरकार बनाउने सहमति भएको उल्लेख गरे। उनले आफूहरुका बीचमा प्रधानमन्त्री बन्न वा सरकार बनाउनका लागि मात्र नभई देशलाई निकास दिनका लागि समझदारी बनेको बताएका थिए। उनले स्थिर सरकार नहुँदा समस्या भएको तथा साना दलले ठूला दललाई खेलाउने कार्य हुँदा सरकार स्थिर नभएको पनि बताएका थिए। उनले संविधान संशोधनका लागि संसदमा दुई तिहाई सांसदको समर्थन चाहिने भन्दै संशोधनका लागि दुई ठूला दलहरु सरकारमा सामेल भएको स्पष्टीकरण दिएका थिए। उनले बाँकी साढे तीन वर्षको अवधिलाई पनि उपलब्धीमुलक बनाउनका लागि सरकार बनाउनु परेको स्पष्टीकरण दिएका थिए।

यसरी राम्रो कार्य गर्नका लागि सरकार बनाउनुपर्ने पक्षमा आफूहरु पुगेको भनी ओली र कांग्रेसका सभापति देउवाले भन्ने गरेका छन्। पछिल्लो अवस्थाहरुलाई हेर्दा भने उनीहरुमा पुरानै अवस्थाको धङ्धडी रहेको देखिन थालेको छ। केन्द्रको सरकारमा फेरबदल हुनासाथ प्रदेशमा रहेका सरकारहरुको संरचनामा पनि परिवर्तन गराउने कार्य भएको छ। प्रदेशमा सरकार बनाउनेमात्र कार्य भएको छैन कि उही पुरानै शैलीमा मन्त्रीहरु बनाउन होडबाजी गरिएको छ। यसैगरी प्रदेश प्रमुखहरुमा समेत परिवर्तन गरी आफू अनुकुलका व्यक्तिहरुलाई नियुक्ति गर्ने निर्णय भैसकेको छ। यसैगरी सोमबारको मन्त्रिपरिषद्को बैठकले १८ जना नयाँ राजदूत नियुक्ति गर्ने निर्णय गरिएको छ। धेरैजसो राजदूतहरुको कार्य समय बाँकी रहेकै बखतमा उनीहरुलाई फिर्ता बोलाउने निर्णय गरिएको छ। यसरी नयाँ राजदूतहरु नियुक्त गर्ने नाममा पनि राम्रालाई भन्दा पनि हाम्रालाई नै मौका दिने कार्य भएको छ। खासगरी कांग्रेस र एमाले मिलेर आफ्ना अनुकुलका व्यक्तिहरुलाई राजदूत बनाउने खेल भएको छ। राजदूत जस्तो कूटनीतिक क्षेत्रमा समेत कार्यकर्ता भर्तीको अवस्थालाई कायमै राखिएको छ। यो शोभनीय कार्य होइन। योग्य व्यक्तिहरुलाई सही छनौट गर्न हालको सरकार पनि चुकेको देखिन्छ। कार्यकर्ता वा आफ्ना मान्छेलाई मात्र मौका दिनेभन्दा पनि योग्यहरुको खोजी गर्नु आजको आवश्यकता हो।

# नेपालमा ध्वनी प्रदूषणको समस्या–समाधानका उपाय



**गम्भीर बहादुर हाडा**
सह–प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

हल्ला (Noise) शब्दको उत्पत्ति ल्याटीन भाषाको Nausea भन्ने शब्दबाट भएको हो। ल्याटिन भाषामा ल्बगकभब भन्ने हुन्छ। अर्को शब्दमा ध्वनी शब्दमा ध्वनी शब्दलाई पारिभाषित गर्दा खेरि गलत समयमा, गलत ठाउँमा हुने गलत आवाज भन्ने हुन्छ। ध्वनि प्रदूषणलाई परिभाषित गर्दाखेरी वायु मण्डलमा गुञ्जिने अनैच्छिक आवाज जसले स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्दछ। त्यसैलाई ध्वनी प्रदूषण (Noise Pollution) भनिन्छ।

मानिसहरू बोल्दा, बाजा बजाउँदा, जनावरहरू कराउँदा पशुपंछिहरू कराउँदा, खोलानाला बग्दा, मेशिन चलाउँदा, बिजुली चम्कँदा, हवाई जहाज उड्दा, मोटरकारहरू चल्दा जुन आवाज उत्पन्न हुन्छ, त्यसलाई ध्वनी भनिन्छ। ध्वनी आएको स्रोतबाट अर्को ठाउँमा प्रसार हुनको लागि माध्यमको अति जरुरी हुन्छ। ध्वनी प्रसारण गर्ने माध्यममा मुख्य हावा, ठोस पदार्थ तरल जुन पनि हुन सक्छ।

ध्वनी उत्पन्न गर्नको लागि पनि एउटा स्रोतको आवश्यकता पर्छ। ध्वनी स्रोतबाट उत्पन्न भएर कुनै पनि माध्यमबाट हाम्रो सुन्ने शक्ति कान भएकोले कान सम्म पुग्यो भने आवाज सुन्न सकिन्छ। प्रकाश शक्ति हाम्रो आँखाले चिन्न सकिन्छ भने ध्वनी शक्रि हाम्रो कानले थाहा पाउन सकिन्छ। ध्वनी प्रदूषण डेसिबलमा मापन गरिन्छ, जसले ध्वनीको शक्ति पत्ता लगाउन मद्दत गर्दछ।

शहरी क्षेत्रमा अप्रत्याशित रुपले बढ्दो जनसंख्याले गर्दा मोटर बस तथा अन्य यातायातका साधनको बृद्धि भई वायुमण्डलमा दुषित पदार्थको मात्रा बढ्दै गइरहेको छ। बढ्दो दुषित तत्व तथा धुलोको कारणले काठमाडौं जस्ता शहरकमो आकमाशमा कतिपय समय तुवालो लागिरहेको हुन्छ। वायुमण्डलीमय प्रदूषणले स्थानीय जनताको स्वास्थ्यमा नराम्रो असर पार्नुको साथै स्थानीय वनस्पती तथा जीव जन्तुहरूलाई पनि प्रतिकुल प्रभाव पार्दछ।

वनजंगलको विनास तथा वायुमण्डल दसषण जस्ता प्रक्रियाहरूबाट मौसममा पनि प्रतिकूल प्रभाव पर्दछ। आज शहरीकरण र औद्योगिकरणको विकासले गर्दा उद्योगहरका सञ्चालनबाट उतपन्न हुने हावा, पानी तथा तेजम ध्वनीले प्रदूषणको सीमालाई उठाउँदै छ। सबै मुलुकमा शहरी आवादी बढ्दैमा फोहर, मैला,खानेपानी, ढल निकास तथा अन्य कुराहरूको थन्को जुटाउन सकिन्छ नै भन्नु छैन तर यो वास्तवमा कठिन पनि देखिन्छ। वैज्ञानिकहरूले आफ्नो सर्भेक्षणबाट के पत्ता लगाएका छन् भने शहरी क्षेत्रमा चल्ने दुषित वायुबाट ९५ (पञ्चानवे) प्रतिशत मानिस प्रभाविक हुने र त्यसबाट कति त मर्ने बाँकी चाही क्यान्सर, दम तथा मुटु सम्बन्धी रोगबाट पिल्सिने छन्।

काठमाडौं उपत्यकामा ध्वनी प्रदूषण हाल सारी साधनहरूको संख्या बृद्धिबाट धान्न सक्ने सीमा भन्दा बढी लागेको छ। कानै फुटला झै गरी पडकेको तोपको आवाजको आभास गर्न सकिन्छ, मोटरको ठक्करले चोट पुग्छ भने थाहा हुन्छ तर यी कुराहरूले कर्कश आवाजले शरीरलाई नै प्रतिकूल असर पार्छ भन्ने कुरा थोरैलाई मात्र थाहा भएको देखिन आउँछ।

हाम्रो कानले बढीमा ६५ डिसिवलको ध्वनीलाई मात्र सहन सक्दछ। तर काठमाडौं उपत्यकामा हाल ८० देखि ९० डिसिवल सम्म ध्वनी प्रदूषण पुगिसकेको कुरा विभिन्न अनुसन्धान तथा सर्भेक्षणबाट थाहा हुन आएको छ। ध्वनी प्रदूषणबाट मानसिलाई विभिन्न मानसिक तथा शारीरिक रोगलाग्न सक्ने कुरा आजको चिकित्सा विज्ञाबाट सिद्ध भएको छ। ध्वनी प्रदूषणबाट हुने विभिन्न रोगहरूमा बहिरो, अपच, अमलपित, मुटुको व्यथा, बढी रक्तचाप, मस्तिक, पेट पिडा, सिथिलता आदि हुन्।

हाम्रो कानले केबल ७५ ( ध्वनिको ईकाई) आवाज मात्र धान्न सक्छ। सो भन्दा बढी भएमा कानको जाली फुट्ने अचेतन हुने, इवाट्ट रिसाउने, व्यवहारमा फरक, रक्तचाप बढाउने, निन्द्रा नलाग्ने, एलर्जि, बढी थकाई लाग्ने अल्सर तथा मुटु सम्बन्धी रोगको लागने कुरामा वैद्दानिकहरू निष्कर्षमा पुगेका छन्। हुनतः उमेर अनुसार व्यक्तिको सुन्ने शक्ति कम हुन्छ।

बढी आवाज हुने क्षेत्र सामर्थ्य र ठीकै ध्वनी हुने ठाउँका व्यक्तिको स्वास्थ्य र सुन्ने सामर्थ्यमा धेरै फरक हुन्छ। हालको बढ्दो ध्वनी समस्यालाई ध्यान दिंदा सन् २००० पछि १० वर्ष माथिका सबै व्यक्तिको साधारण सुन्ने शक्ति नष्ट हुने अनुमान गरिएको छ। ध्वनीको असरले कार्य क्षमतामा व्यापक असर पार्दछ। बराबर क्षमता भएका टाइविष्ट दुई व्यक्तिलाई साधारण आवाज र केही मात्र बढी आवाज भएको दुई भिन्न कोठामा राखी उही समयावधिमा उसतैम सामग्री टाइप गर्न लगाउँदा पछिल्लो कोठामा रहेका टाइपिष्टले ५० प्रतिशतभन्दा बढी गल्ती गरेको अनुसन्धान निष्कर्षले पनि ध्वनी प्रदूषणको असर थाहा हुन्छ।

यसबाट जनस्वास्थ्मा पर्ने असरको व्यापकताले अस्पताल इलाकामा हर्न बजाउन न पाइने व्यवस्था प्रायः सबै देशमा भइसकेको छ। चीनमा अस्पताल, होटेल, शिक्षण संस्था वरिपरि हेर्न बनाउन प्रतिबन्ध लगाइएको छ। रातको १० बजेदेखि विहान ५ बजेसम्म सबै ठाउँमा हर्न बजाउन पूर्णतया निषेध गरिएको छ।

ध्वनीलाई डेसिवल एकाइमा नापिन्छ। ध्वनि धान्न सक्ने क्षमताको उमेर, व्यवसाय र परिस्थितिमा भरपरेपनि २० देखि ४० डेसिवललाई सामानय मानिन्छ। जब कि ७० डेसिवल भनदा माथिको ध्वनीलाई असामान्य मानिन्छ। कल कारखाना, रेडियो, टेलिभिजन, रेल गाडी हवाई अडा र बाक्लो आवादी मानिस सुन्ने क्षमता, मानसिक चिन्ता, रक्तचाप, हृदय रोग, निन्द्रा नलाग्नु जस्ता विमारीबाट प्रभावित हुन्छ।

औद्योगिक एवं वैज्ञानिक प्रगतिले ध्वनी प्रदूषणलाई जन्म दिएको छ। आवश्यकतारहित स्वरलाई नै ध्वनी प्रदूषण भनिन्छ। ध्वनी प्रदूषण मोटर गाडी, हार्मनी, लाउड स्फीकर, मिलको आवाज, विवाह, जन्म दिन आदिको समय बजाउने बाद्य, धार्मिक र राजनैतिक जुलुस, चुनाव प्रचार, सिनेमाको विज्ञापन, वायुयानको घरघराहरू जस्ता आवाजहरूमा हुन्छ। स्वरको मापन डेसिबलमा गरिन्छ र वैज्ञानिकहरूको धारणा छ कि ७५ डेसिबलभन्दा बढी स्वर हानिकारक हुन्छ। भारतमा प्रायः सबै ठूला नगरहरूमा यस सीमाभन्दा बढी नाघेको छ।

सन् १९८० मा जर्मनीको बैकटीरिया वैज्ञानिक शवर्थ काँवले भनेका थिए कि मनुष्यलाई स्वरको विरुद्ध त्यस्तै लड्नु पर्दछ, जस्तो उसले हैजाको विरुद्ध लड्छ। यूरोपीय देशहरू : जापान, इटली, इङ्गलैण्ड, फ्रान्स, जर्मनी तथा अमेरिका, रुस आदि देशहरूमा यसको विरुद्ध लड्दै छन्।

नेपालमा ध्वनी तथा आवाज प्रदूषण नियन्त्रण गर्न प्रभावकारी वैज्ञानिक उपाय अपनाउनु जरुरी भएको छ। विमानस्थलहरूलाई यथासम्भव बस्तीबाट अलि टाढा निर्माण गर्नेतर्फ पनि दृष्टि दिनु आवश्यक छ। त्यस्तै ध्वनी प्रदूषण नियन्त्रण गर्न सिनेमाघर, होटेल, क्लब र अरु मनोरञ्जनका सार्वजनिक स्थलहरूमा निर्धारित स्तरभन्दा चर्को स्वरमा संगीतहरू बजाउन प्रतिबन्ध लगाउने प्रावधान हुनु आवश्यक देखिन्छ।

ध्वनी प्रदूषण कम गर्ने दिशामा बनस्पतीमा महत्वपूर्ण भूमिका खेल्दछ। बनस्पतिको पातमा भएका विभिन्न पदार्थहरूले ध्वनीलाई आफूतिर आकर्षण गर्दछन्. र वायुमण्डलमा ध्वनीको असर कम गर्दछन्। त्यसैले विरोध गरेर सडकका दायाँबायाँ रुख रोप्ने चलन चलेको वा सडक रमणीय बनाउँदा आवाज पनि कम हुने विधि अपनाइएको हुन सक्छ। ध्वनी प्रदूषण नियन्त्रण गर्ने कार्यमा वातावरणीय प्रभाव अध्ययन एवं मूल्याङ्कन (EIA) महत्वपूर्ण हुन आउँछ किनभने यस आयोजनाले ध्वनी तथा आवाज प्रदूषण नियन्त्रण गर्ने कार्यमा विभिन्न अध्ययन तथा अनुसन्धान कार्य गरी एउटा ठोस नीति, ऐन कानून तर्जुमा गराउनमा मद्दत पुऱ्याउने छ।

अनुसन्धानबाट थाहा भएको छ कि बस, कार र मोटर साइकलकबाट क्रमशः ९२, ८९ र ९० डेसिबल आवाज निस्कन्छ (अडियो मिटर नामक उपकरणबाट आवाजको तह थाहा हुन्छ)। कमानले धान्न सक्नेभन्दा बढी आवाज कानमा पर्न गएमा जाली फुटी सधैंको लागि बहिरो बन्न सकिन्छ। बढी डेसिबलको ध्वनी भएको ठाउँमा धेरै समय रहँदा अचेतन हुने, रक्तचाप बढ्ने, मुटु सम्बन्धी रोग लाग्ने, पेटको विमार हुने, निन्द्रा नलाग्ने, खाना नपच्ने तथा एलर्जी हुने जस्ता रोग एकातिर लाग्दछ भने अर्कोतिर कार्य दक्षतामा प्रतिकूल असर पर्ने कुरामा अनुसन्धानकर्ताहरू प्रायः एक मत राख्दछन्। मानिसले कति परिमाणको आवाजसम्म धान्न सक्दछ भन्ने कुरा व्यक्तिको उमेर, स्वास्थ्य आदिमा भर पर्दछ।

शहरीकरणको प्रक्रियामा आधारभूत आवश्यकता पूरा गर्न समय बढी लाग्ने तर जनघनत्व कम समयमै बढ्ने भएकोले शहर साँगुरिँदै जान्छ। सामुदायिक सुविधामा अवरुद्ध, खुला ठाउँको अभाव, पोषणयुक्त खाद्यान्नको अभाव असमान रोजगारी, पानी, वायु एवं ध्वनी आदि सम्बन्धी वातावरणीय स्तरको अभावले नवसिर्जित शहरहरू दुर्गन्धित क्षेत्रमा विकसित हुँदै छन्। नेपालमा शहरी विकासको क्रममा एकीकृत सोचाइको कमीले वातावरणमा प्रतिकूल प्रभाव परिरहेको छ। ढल, पिउनेपानी टेलिफोन तथा सडक कार्यमा देखिएको भत्काउने-बनाउने-भत्काउने-सपार्ने कार्य बढी खर्चिलो भएको र समस्याको पहिचान साथ कार्यान्वयनमा समन्वय नभएको प्रष्टै हुन्छ।

आर्थिक वर्षको अन्त्यतिर विकास कार्यमा आउने तदारुकता पनि दीर्घकालिन समस्यामूलक नै भएको देखिन्छ। शहरीकरणबाट उत्पन्न हुने विविध समस्यामध्ये ध्वनी प्रदूषण पनि एक हो। सामान्यतयाः ध्वनी प्रदूषणका बारेमा जो कोहीले पनि हाँसोमा उडाई दिएको पाइन्छ।

वातावरण असन्तुलित ल्याउनमा कोलाहल र हुल तथा भीडभाडले पनि उत्तिकै सशक्त भूमिका खेलेको हुन्छ। जहाँ बढी हल्ला हुन्छ, त्यहाँ विभिन्न समस्या उत्पन्न भइरहेको हुन्छन्। बढी हल्ला हुने स्थानमा मानिसको मानसिक सन्तुलन ठीक हुँदैन। सिर्जनात्मक विचार शक्तिको विकास हुन सक्दैन। विभिन्न वैचारिक एवं मनोगत कार्यमा बाधा पुगिरहेको हुन्छ।

बढी जनसंख्याको चाप भएको शहरी इलाका र औद्योगिक कल कारखाना आदि भएको इलाकामा वातावरण असन्तुलित हुन्छ विभिन्न कलकारखाना हवाइजहाज, मोटर, विस्फोटन आदिको चर्को आवाजले मानिसको श्रवण शक्तिमा प्रतिकूल असर पारिरहेको हुन्छ।

दक्षिणी भारतका पाँच शहरहरूका औद्योगिक मजदुरहरूमा अत्यधिक ध्वनी प्रदूषणको कारणले श्रवण शक्तिमा ह्रास भएको पाइएको छ। उत्तरी राज्य महाराष्ट्रको नागपुर शहरमा बढी हल्ला हुने क्षेत्रका स्कूल जाने बालबालिकामा १० जनामध्ये चारजनाले श्रवणको समस्या भएको बताएका छन्। बम्बईमा ध्वनी प्रदूषणस्तरमा अधिकांश समयमा ७५ र ९० डेसिबल्स ९मदक० बीच घटबढ हुने गरेको र कहिलेकाहीँ १०० डेसिबल्स पुग्ने गरेको पाइन्छ।

भारतको सबभन्दा ठूलो ठूलो शहर कलकतामा व्यस्ता सडकका कुनाहरूमा सामान्य स्तर ७०-७५ का विपरीत १२० डेसिवल्स पुग्ने गर्दछ। भारतका प्रायः सबै शहरहरूमा ध्वनीका यस्तै उच्च स्तरहरू पाइन्छन। शून्य डेसिवल्सलाई सामान्य श्रवणस्तर मानिन्छ।

उद्योगमा प्रयोग हुने उपकरणबाट पनि ध्वनिको तह उचो भएको छ। यस सम्बन्धमा यदाकदा भएको अध्ययनबाट भित्री ध्वनिको तह निकै माथि भएको तथ्य पत्ता लागेको छ। यसैगरी सर्वेक्षण गरिएका १२५ उद्योगमध्ये कपडा, सिमेन्ट, कागज, मार्बल, फलाम, इस्पात, चिनी, छाला र जुट उद्योगमा उच्च ध्वनी तह रहेको पाइएको छ।

२०४४ साल (सन् १९८७) मा मियोसीले गरेको अध्ययनमा बालाजु कपडा उद्योग, बालाजु अटोवर्क्स, आल्मुनियम उद्योग, तिमिला मेटल कम्पनी, हुलास स्टील उद्योग, हेटौंडा सिमेन्ट, खाद्य उद्योग र हिमाल सिमेन्ट उद्योग जस्ता केही उद्योगमा १०० डिबिए (डेसिबल) सम्मको ध्वनी रहेको उल्लेख भएको छ जुन अन्तर्राष्ट्रिय सुरक्षास्तरभन्दा निकै बढी हो। यसैगरी सामाजिक क्रियाकलापहरु जस्तै विवाह, ब्रतबन्ध आदिमा प्रयोग हुने बाजागाजा लगायत प्रचार प्रसारको क्रममा माइकिंगको प्रयोगले पनि ध्वनी प्रदूषणमा वृद्धि भइरहेको छ।

मानव जीवनको उत्पत्ति कालदेखिबाटै प्रकृति र मानव जातिको बीच लगातार अन्तरक्रिया चलेर आइरहेका छ। यस अन्तरक्रियाको दौरानमा एकातिर प्रकृतिले मानव जातिको विकास गर्दै आएकमो छ भने अर्कोतिर मावन जातिले प्रकृतिको। विकास हुनुको अर्थ दुबै पक्षले एक अर्का माथि पारेको सकारात्मक परिणाम हो। यसको साथसाथै दुबै पक्षले एक अर्कामाथि नकारात्मक प्रभाव पनि पार्दै आएका छन्।

पर्यावरण प्रदूषणको समस्या पनि मानिसले प्रकृति माथि पारेको नकारात्मक परिणाम हो।

# बैंकबाट क्रेडिट कर्जा लिएर नतिर्ने बढ्दै




काठमाडौं। गत साउन ७ गते हिमालयन बैंकले क्रेडिट कार्ड होल्डरको नाममा एउटा सूचना जारी गऱ्यो। १० जना क्रेडिटकार्ड होल्डरको नाम सार्वजनिक गर्दै बक्यौता रकम चुक्ता गर्न ३५ दिनको समय दियो।

बैंकका अनुसार क्रेडिटकार्ड प्रयोग गरी ऋण लिएर समयमा उक्त ऋण चुक्ता नगरेपछि ३५ दिनको समय दिएर १० जना ऋणीको नाम सार्वजनिक गरिएको हो। बैंकले क्रेडिट कार्ड प्रयोग गरी साँवा र ब्याज नतिर्ने ऋणीहरू अमृत तामाङ, रामबाबु महतो, प्रमेश बाबु खड्का, ऋषि राम न्यौपाने, सुमन पौडेल, विजय श्रेष्ठ, प्रतीक श्रेष्ठ, मगन बाबु श्रेष्ठ, प्रमोदराज पौडेल र बिना पोखरेल श्रेष्ठको नाम पत्रिकामा नै सार्वजनिक गऱ्यो।

उनीहरूलाई बैंकले पटक-पटक लिखित तथा मौखिक ताकेता गरेर ऋण तिर्न आग्रह गरिरहेको छ। तर, क्रेडिट कार्ड होल्डरहरूले आग्रह नमोपछि तीनपुस्ते विवरणसहित सार्वजनिक सूचना नै निकाल्न बाध्य भएको बैंकका एक अधिकारीले बताए। यस्तै, ग्लोबल आइएमई बैंकले पनि साउन ८ गते २० जना, ९ गते २२ जना, ११ गते २० जना र १३ गते २० जना गरी हालसम्म ८२ जनाभन्दा बढी क्रेडिट कार्ड होल्डरहरूलाई क्रेडिट कार्डमार्फत लिएको कर्जा चुक्ता गर्न ताकेता गरेको छ। बैंकले ती ऋणहरूलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने चेतावनी समेत दिएको छ।

'क्रेडिट कार्ड उपभोग गर्ने ऋणीहरूले क्रेडिट कार्ड लिँदा गरेको लिखतको शर्तमा बुझाउनुपर्ने कर्जा समयभित्र नतिरेको र बैंकको मौखिक र लिखित तोकता समेत इन्कार गरेको हुँदा ३५ दिने सूचना प्रकाशित गरिएको हो,' बैंकले भनेको छ, 'साँवा, ब्याज तथा अन्य दस्तुर समेत बुझाउन सूचित गरिन्छ, उक्त अवधिमा चुत्ता नगरे कानून बमोजिम अघि बढ्छौं।'

विगतका तुलनामा पछिल्लो समय बैंकका लिलामीका सूचनामा कमी आएको छ। तर, क्रेडिट कार्डमा लिइएको कर्जा चुक्ता गर्ने बारेको सार्वजनिक सूचना भने बढेको देखिन्छ। हिमालयन बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सुनिल गोर्खाली आर्थिक मन्दीका कारण क्रेडिट कार्डको कर्जा डिफल्ट भइरहेको अनुभव सुनाउँछन्। समग्र क्षेत्र सुस्ताएको बेला क्रेडिट कार्ड कर्जामा असर परेको उनको भनाइ छ।

'अहिले बैंकिङ क्षेत्रका सबै कर्जाहरू उठ्न सकिरहेका छैनन्, व्यवसाय सुस्त छ। किनभने आर्थिक मन्दीका कारण गतिविधि बढ्न सकेका छैनन्, खपतको माग कम भएको छ,' उनले भने, 'जसको असर क्रेडिट कार्ड कर्जामा परेको हो, क्रेडिट कार्डबाट कर्जा लिएर टिभी, मोबाइल र घरायसी सामान खरिद गर्ने हो, अहिले आम्दानीमा असर गरेको छ, व्यापार व्यवसाय घाटामा हुँदा तिर्न सकिरहनु भएको छैन।'

उनका अनुसार क्रेडिट कार्ड होल्डरहरूमध्ये कतिपय बेरोजगार भएका छन् भने कुनैको व्यवसाय बन्द भएको छ। विगतमा धितो लिलामीका सूचना आउँदा बैंकहरूअब डुब्ने भए भन्ने चर्चा हुने गरेको थियो। बैंकहरू पैसा भन्दा पनि घरजग्गाका धनी भए भन्ने बहस पनि हुने गरेको थियो। अहिले क्रेडिट कार्डबाट लिएको पैसा नतिरेका सूचना पत्रिकामा बढ्न थालेका छन्। जसमा बैंकले धितो पनि लिएको हुँदैन। धितोबिना प्रवाह भएको कर्जा असुल नहुँदा अहिले बैंकहरुलाई समस्या सिर्जना भइरहेको छ। कर्जा कसरी असुली गर्ने भन्ने विकल्प बैंकरले खोजिरहेका छन्।

ग्लोबल आइएमई बैंकका एक अधिकारी क्रेडिट कार्डमार्फत् जाने कर्जाको सीमा सानो आकारको भएकाले त्यसको ठूलो असर बैंकिङ क्षेत्रमा नपर्ने बताउँछन्। विगतको तुलनामा क्रेडिट कार्ड कर्जा डिफल्ट बढेको उनले स्वीकार गरे। एउटा कार्ड होल्डरले आम्दानी स्रोतका आधारमा अधिकतम ३ लाख रुपैयाँसम्म कर्जा लिने गरेको उनले बताए। 'क्रेडिट कार्डमा बिनाधितो कर्जा दिइन्छ। तर, बिनाधितो दिनुपर्ने भएकाले ठूलो रकम दिँदैनौं, त्यसैले धेरै रकम नभएकाले बैंक डुब्छ कि भनेर डराउनु पर्दैन, कुनै एउटा शाखा कार्यालयमा बिग्रेको ठूलो परिमाणको कर्जा जति पनि क्रेडिट कार्डको कर्जा डिफल्ट हुँदैन,' उनले भने।बिनाधितो कर्जा दिनुपर्ने भएको बैंकले ठूलो आकारमा कर्जा नदिने र व्यक्तिको आम्दानी लगायतका विषय मूल्यांकन गरेर कर्जा स्वीकृत गर्न अभ्यास रहेको उनको भनाइ छ। 'जस्तो कुनै व्यक्तिको ५० हजार रुपैयाँ आम्दानी छ, बैंकले ५० हजार रुपैयाँ आम्दानी छ भन्दैमा त्यो भन्दा बढी कर्जा दिँदैन, किनभने त्यो ५० हजार रुपैयाँ पनि केही रकम सामाजिक सुरक्षा, घरायसी खर्चमा जान सक्छ, त्यसैले सबै खर्च छुट्याएर बाँकी रहेको खुद रकमका आधारमा बैंकले सीमा तोकेर कर्जा दिन्छ,' ती अधिकारीले भने।

आर्थिक स्थिति कमजोर भएकाले ठूलो कर्जा बिग्रेको उदाहरण दिँदै सानो कर्जा बिग्रिनु स्वाभाविक रहेको उनले बताए। २०/२५ हजार रुपैयाँ तिर्न नसकेर पनि कर्जा सूचना केन्द्रको कालोसूचीमा परेका उदाहरण प्रशस्त रहेको उनको भनाइ छ।

'अहिले ठूलो कर्जा नै बिग्रेको छ, यहाँ काम गर्ने मान्छे अहिले विदेश गएका छन्, आम्दानीको स्रोतको घटेको छ, व्यापार व्यवसायलाई निरन्तरता दिन सकेका छैनन्, व्यापार व्यवसाय घटेपछि नाफा पनि घटेको छ, जसले गर्दा यो समस्या आएको हो,' उनले भने।

**कुन बैंकको कर्जा कति ?**

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क अनुसार बैंक तथा वित्तीय संस्थाबाट २ लाख ८७ हजार ५२२ जनाले क्रेडिट कार्ड लिएका छन्। साथै बैंकहरूले ५ अर्ब ६५ करोड १३ लाख रुपैयाँ क्रेडिट कार्डमार्फत कर्जा दिएको राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकका अनुसार नेपाल बैंकले ३ करोड ६३ लाख रुपैयाँ, राष्ट्रिय वाणिज्य बैंकले १ करोड ४३ लाख रुपैयाँ, नबिल बैंकले ९६ करोड ४२ लाख रुपैयाँ, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले १९ करोड ५९ लाख रुपैयाँ, स्ट्याण्डर्ड चार्टर्ड बैंकले ४० करोड रुपैयाँ, हिमालयन बैंकले ३३ करोड ३९ लाख रुपैयाँ, एभरेष्ट बैंकले १४ करोड १९ लाख रुपैयाँ, एनआईसी एशिया बैंकले २८ करोड ३२ लाख रुपैयाँ क्रेडिटकार्डमार्फत कर्जा दिएका छन्।

माछापुच्छे बैंकले ३४ करोड २६ लाख रुपैयाँ, कुमारी बैंकले ६३ करोड ५९ लाख रुपैयाँ, लक्ष्मी सनराइज बैंकले ३५ करोड ६९ लाख रुपैयाँ, सिद्धार्थ बैंकले ७२ करोड ३६ लाख रुपैयाँ, ग्लोबल आइएमई बैंकले ५३ करोड रुपैयाँ, सिटिजन्स बैंकले ११ करोड ५२ लाख रुपैयाँ, प्राइम बैंकले २७ करोड रुपैयाँ, एनएमबि बैंकले २० करोड ७४ लाख रुपैयाँ, प्रभु बैंकले १२ करोड १७ लाख रुपैयाँ र सानिमा बैंकले ९ करोड ७४ लाख रुपैयाँ क्रेडिटकार्डमार्फत कर्जा प्रवाह गरेका हुन्। यस्तै विकास बैंकहरूमा गरिमा विकास बैंकले १ करोड ७५ लाख रुपैयाँ कर्जा प्रवाह गरेको छ।

# सेयरको मूल्य र सरकारको कर बढाउने मौद्रिक नीति




काठमाडौं। नेपाल राष्ट्र बैंकले चलाखीपूर्ण ढंगले २० करोड रुपैयाँ सेयर कर्जाको सीमा खारेज गरेको छ। यसले सेयरको मूल्य र कारोबार वृद्धिसँगै सरकारको कर वृद्धिमा ठूलो टेवा दिने भएको छ। चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर महाप्रसाद अधिकारीले बैंक तथा वित्तीय संस्थाहरुले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोड रूपैयाँको सीमा खारेज गरिने बताए। मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको परिस्थितिमा पुँजी बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताहरुका लागि यस्तो व्यवस्था लागु हुने पनि उनले बताए। तर, व्यक्तिगत सेयर कर्जाको सीमा १५ करोड रुपैयाँ यथावत रहेको उनले बताए।

सरकारको कर नीतिलाई समर्थन गर्दै नयाँ व्यवस्था गरिएको राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले बताए। संस्थागत लगानीकर्ताले नाफा कमाउँदा त्यसबाट सरकारले ३० प्रतिशत कर पाउने भएकाले संस्थागत लगानीकर्ताले पाउने कर्जाको सीमा हटाइएको उनले बताए। 'राष्ट्र बैंकले सरकारको नीतिलाई सहयोग गर्ने गरी पुँजी बजारमा जाने कर्जाको नीतिमा परिवर्तन गरेका छौं। नयाँ मौद्रिक नीतिले संस्थागत लगानीकर्तालाई प्रोत्साहित गरेको छ। संस्थागत लगानीकर्ता धेरै हुँदा सेयर बजार परिपक्व पनि हुन्छ,' उनले भने।

बैंकबाट कर्जा लिएर सेयर बजारमा लगानी गर्ने उद्देश्यसहित खुलेका संस्थागत लगानीकर्ता कति छन् र उनीहरुले कति रकम कर्जा लिएका छन् भन्ने यकिन तथ्याङ्क नेपाल राष्ट्र बैंकसँग पनि छैन। नेपाल राष्ट्र बैंकका अनुसार गत जेठ मसान्तसम्ममा मार्जिन प्रकृतिको कर्जा ८७ अर्ब ११ करोड रुपैयाँ छ। जुन एक वर्षअघिको तुलनामा २४ प्रतिशतले कम हो। तर, यस्तो कर्जा व्यक्तिको नाममा कति छ र संस्थागत कर्जा कति छ भनेर वर्गिकरण नभएको राष्ट्र बैंकका प्रवक्ता डा गुणकर भट्टले बताए।

संस्थागत कर्जा लिने लगानीकर्ता कम भए पनि मौद्रिक नीतिले पुँजी बजारमा आत्मबल बढाउने नबिल बैंकका नायव प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीको भनाइ छ। 'लगानीकर्ताको मनोविज्ञान बढाउनु पर्ने थियो, मौद्रिक नीतिले यसमा काम गरेको छ,' उनले भने। संस्थागत लगानीकर्ताबारे पुँजी बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डसँग पनि तथ्याङ्क छैन। विदेशमा संस्थागत लगानीकर्तालाई नियमन गर्ने अभ्यास भए पनि नेपालमा अहिलेसम्म यस्तो अभ्यास नभएको बोर्डका प्रबक्ता डा. नबराज अधिकारले बताए। संस्थागत लगानीकताले बोर्डमा स्वीकृति लिएर कारोबार गर्नुपर्ने र उनीहरुमाथि बोर्डले पनि नियमन गर्ने गरी अलग्गै नियमावली बनाउने बारे बोर्डले छलफल थालेको उनले बताए।

**सुझबुझपूर्ण निणर्य**

राष्ट्र बैंकले मौद्रिक नीतिमा सेयरबजार सम्बन्धि नीति सुझबुझपूर्ण ढंगले दिएको स्टक ब्रोकर एशोसिएशनका पूर्वअध्यक्ष प्रियराज रेग्मीले बताए। 'अब बजारमा नयाँ संस्थागत लगानीकर्ताको प्रवेश हुन सक्छ। कारोबार गर्दै आएका संस्थागत लगानीकर्ताले पनि क्षमता वृद्धि गर्न पाउने भए,' उनले भने।

सेयर ब्रोकरहरुका अनुसार बैंकबाट कर्जा लिएर सेयरमा लगानी गर्ने संस्थागत लगानीकर्ता निकै कम छन्। नयाँ मौद्रिक नीतिपछि बजारमा संस्थागत लगानीकर्ताको लागि ढोका खुलेको एक सेयर ब्रोकरले बताए। 'व्यक्तिलाई भन्दा संस्थालाई बढी कर लाग्ने भएकाले संस्थागत लगानीकर्ता आएका थिएनन्। संस्थागत लगानीकर्तालाई कुनै लाभ नै थिएन। अब संस्थागत लगानीकर्ताले सेयरकर्जाको सुविधा पाउने भए। अब नयाँ कम्पनीहरु खुल्नेछन्,' एक सेयर ब्रोकरले बताए।

हाल संस्थागत लगानीकर्तालाई १० प्रतिशत पुँजीगत लाभकर लाग्छ। व्यक्तिको हकमा दीर्घकालीन लगानीकर्तालाई ५ प्रतिशत र अल्पकालीन लाभमा ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्छ। संस्थागत लगानीकर्तालाई नाफामा लाग्ने ३० प्रतिशत करमा पुँजीगत लाभ कर घटाउने पाउने सुविधा सरकारले दिएको छ।

## प्रभु बैंकका ग्राहकलाई र्‍याडिसन होटलमा छुट

काठमाडौं। प्रभु बैंक र र्‍याडिसन होटल काठमाडौंबीच सम्झौता भएको छ। बैंकका कर्मचारी तथा ग्राहकहरुलाई लाजिम्पाट, काठमाडौंस्थित र्‍याडिसन होटल, काठमाडौंसँग होटलका विभिन्न सेवाहरुमा विशेष छुट दिने सम्झौता भएका हो।




र्‍याडिसन होटल, काठमाडौं एक अन्तराष्ट्रिय होटल चेन अन्तर्गत विगत दुई दशक भन्दा बढि समय देखि नेपालको पर्यटकिय तथा अतिथि सत्कार सेवालाई निरन्तर रुपमा टेवा दिइरहेको पाँच तारे होटल हो। एक समारोहका बिच सम्पन्न सम्झौतामा प्रभु बैंकका तर्फबाट चिफ मार्केटिङ अफिसर रबिन्द्र ढकाल र मार्केटिङ म्यानेजर सबिन राणा तथा र्‍याडिसन होटल, काठमाडौंका तर्फबाट निर्देशक केदार पाण्डे र लेखा नियन्त्रक लोकराज ढुङ्गानाद्वारा हस्ताक्षर गरिएको छ।

सम्झौता अनुसार प्रभु बैंकका कर्मचारी तथा ग्राहकले बैंकसँगको आवद्धता प्रमाणका आधारमा होटलमा उपलब्ध विभिन्न सेवा तथा सुविधाहरु मध्ये खाना, पेस्ट्री सपका साथै र्‍याडिसन होटल काठमाडौंले सञ्चालन गरेको विभिन्न रेस्टुरेन्टहरुबाट १० प्रतिशतदेखि २० प्रतिशतसम्म भुक्तानी छुट पाउनेछन्।

## सिटिजन्स बैंक र चरक मेमोरियल हस्पिटलबीच समझदारी

काठमाडौं। सिटिजन्स बैंक र चरक मेमोरियल हस्पिटलबीच समझदारी भएको छ। बैंक र पोखराको कास्कीस्थित चरक मेमोरियल हस्पिटलबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।




सो समझदारीपत्र अनुसार सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले चरक मेमोरियल हस्पिटलमा २० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

## सुनचाँदीको असर्फी किन्न नागरिकता अनिवार्य

काठमाडौं। नेपाल राष्ट्र बैंकबाट सुनचाँदीका असर्फी, स्मारिका सिक्का र मेडालियन खरिद गर्न अब नागरिकले अनिवार्य रूपमा नागरिकतालगायतका परिचयपत्र पेस गर्नुपर्ने भएको छ।



केन्द्रीय बैंकको मुद्रा व्यवस्थापन विभागले मंगलबार एक सूचना जारी गर्दै बिक्री हुने विभिन्न प्रकारका असर्फी, स्मारिका सिक्का र मेडालियनको कम्प्यूटर बिलिङ उपलब्ध गराइने व्यवस्था मिलाइएकोले अनिवार्य परिचयपत्र ल्याउन आग्रह गरेको हो।

असर्फी, स्मारिका सिक्का र मेडालियन खरिदका लागि अनुरोध गर्दा ग्राहकले अनिवार्य रूपमा आफ्नो परिचय खुल्ने जस्तै नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा चालक अनुमति पत्र वा मतदाता परिचयपत्र वा राहदानी वा नेपाली नागरिकताको प्रमाणपत्र नम्बर उल्लेख भएको अन्य प्रमाणपत्रमध्ये कुनै एक ल्याउनुपर्ने जारी विज्ञप्तिमा उल्लेख छ। यस्तै, विदेशी नागरिकको हकमा भने पासपोर्ट पेस गर्नुपर्ने व्यवस्था गरिएको पनि बैंकले जनाएको छ।

## ग्लोबल आइएमई बैंकका ग्राहकलाई वण्डरल्याण्डमा १० प्रतिशत बोनस

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडको डेबिट तथा क्रेडिट कार्डबाहक र मोबाईल बैंकिङ प्रयोगकर्ताहरुलाई किक फन वर्ल्डबाट सञ्चालित




वण्डरल्याण्ड नेपाल, बुङ्गमतीमा सेवा मुल्यको १० प्रतिशत रकम बोनस स्वरुप प्रदान गर्ने समझदारी भएको छ।

उक्त समझदारीमा ग्लोबल आइएमई बैंकका बागमती प्रदेश कार्यालय मेनेजर निकिता भण्डारी थापा र किक फन वर्ल्डका मार्केटिङ प्रमुख शिखर बस्नेतले हस्ताक्षर गरेका छन्। समझदारी अनुसार बैंकको ग्राहकहरुले वण्डरल्याण्ड नेपाल, बुङ्गमतीमा उपलब्ध मनोरञ्जनात्मक तथा अन्य सेवाको लागि वण्डरल्याण्डबाट जारी हुने कार्डवापतको भुक्तानीको लागी बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाईल बैंकिङ प्रयोग गर्दा उक्त कार्डमा १० प्रतिशत बोनस थप गरी वण्डरल्याण्डले कार्ड उपलब्ध गराउनेछ।

ग्राहकको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न संघ-संस्थाहरुसँग समन्वय गरी यस्ता किसिमका योजनाहरु ल्याएर ग्राहकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको बैंकले जनाएको छ।

# विश्वविद्यालय, शैक्षिक बहाव र भविष्य

डा. देवीप्रसाद आचार्य

देश विकास र समृद्धिको आधार सम्बन्धित मुलुकको शिक्षाको अवस्थाले निर्धारण गर्छ। हरेक क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन हुन नसकेसम्म मुलुकले विकासको गति लिन सक्दैन। मुलुकमा अब्बल मानवस्रोत वैज्ञानिक, डाक्टर, इन्जिनियर, शिक्षक, प्राध्यापक, वकिल, शासक, प्रशासक, अनुसन्धानकर्तालगायतका जनशक्ति उत्पादन गर्ने काम विश्वविद्यालयहरूको हो। आजका विश्वजगतका विकसित मुलुकहरूले सक्षम जनशक्ति उत्पादन गरेर उनीहरूको दक्षतालाई विकास निर्माणमा लगाएकाले विकसित भएका हुन्। हाम्रो मुलुकको सन्दर्भमा राज्यले विकासको पहिलो आधार शिक्षालाई बनाउन सकेन। दलहरूले राजनीतिक दर्शन र प्रयोगलाई देश विकासको आधार मानेकाले मुलुकले विकासको गति लिन सकेन।

सन् २०२४ का उत्कृष्ट १० विश्वविद्यालयहरू क्रमशः म्यास्याचुसेट्स प्राविधिक युनिभर्सिटी अमेरिका, क्याम्ब्रिज युनिभर्सिटी बेलायत, अक्सफोर्ड युनिभर्सिटी बेलायत, हार्वर्ड युनिभर्सिटी अमेरिका, स्टयान्फोर्ड विश्वविद्यालय बेलायत, इम्पेरियल कलेज लन्डन, स्वीस फेडेरल प्राविधिक विश्वविद्यालय स्वीट्जरल्यान्ड, नेसनल युनिभर्सिटी सिंगापुर, यूसीएल विश्वविद्यालय बेलायत र क्यालिफोर्निया युनिभर्सिटी अमेरिका रहेका छन्। उल्लिखित विश्वविद्यालयहरू भएका मुलुकहरूले विकासमा चमत्कार गरेका छन्। यसैगरी, अन्य युरोपलगायतका राष्ट्रहरूमा अब्बल दर्जाका विश्वविद्यालयहरू छन्। यसरी हेर्दा जुन मुलुकका राजनीतिज्ञहरूले वैज्ञानिक, व्यावहारिक तथा जीवन उपयोगी शिक्षालाई विकासको आधार बनाए, ती मुलुक हरेक क्षेत्रमा उन्नति गर्न सफल भए।

हाम्रो मुलुकका विश्वविद्यालयहरू अब्बल बन्न नसक्नुका पछाडिको एउटा कमजोर पक्ष शिक्षाको नीतिगत प्रबन्ध हो। अहिले मुलुकमा डेढ दर्जनको संख्यामा विश्वविद्यालयहरू सञ्चालनमा छन्। यी सञ्चालित सबै विश्वविद्यालयको कुलपति र सहकुलपति क्रमशः प्रधानमन्त्री र शिक्षामन्त्री हुने नीतिगत प्रावधान छ। सरकारमा जाने प्रधानमन्त्री, शिक्षामन्त्री राजनीतिज्ञ व्यक्ति हुन्, शिक्षाविज्ञ होइनन्। शिक्षाजस्तो प्राज्ञिक ठाउँलाई राजनीतिक दृष्टिकोणले मात्र हेर्ने काम गर्नुहुँदैन। शिक्षालयहरूलाई सञ्चालन गर्नका लागि प्राज्ञिक दृष्टिकोण आवश्यक पर्छ।

प्रजातन्त्रको पुनर्स्थापनापछाडि शिक्षा क्षेत्रमा व्यापक राजनीतिक हस्तक्षेप भयो। विश्वविद्यालयका उच्च तहमा राजनीतिक दलहरूले भागबन्डाका आधारमा व्यक्तिहरूलाई नियुक्त गर्ने कार्यले समग्र शैक्षिक गुणस्तरमा ह्रास आयो। अहिले विश्वविद्यालयहरूको अवस्था सन्तोषजनक हुन नसकेका अभिव्यक्तिहरू आइरहेका छन्। परन्तु विश्वविद्यालयहरूलाई उत्कृष्ट बनाउनका लागि गर्नुपर्ने वैज्ञानिक मार्गचित्रका 'दयगतमा ठोस नीति, नियम, दृष्टिकोण तथा कार्यक्रम सम्बन्धमा मार्गचित्र आउन सकेको छैन।

अहिले मुलुकमा सञ्चालनमा रहेका विश्वविद्यालयहरूमा विद्यार्थीहरूको आकर्षण घट्दै गएको तथ्यांकहरूले पुष्टि गर्छन्। कतिपय विषयमा त विद्यार्थी भर्ना नै हुन छाडेका समाचारहरू आइरहेका छन्। विश्वविद्यालयसम्मको पढाइले आर्थिक आयआर्जनको अवसर सिर्जना गर्न नसकेकाले विद्यार्थीहरूमा आकर्षण हुन नसकेको हो। मुलुकको उच्चशिक्षा बेरोजगार जनशक्ति उत्पादन गर्ने केन्द्रका रूपमा रहेका छन्। त्यसैले आफ्ना मुलुकका विश्वविद्यालयहरू विद्यार्थीहरूको खोजाइ र रोजाइमा पर्न सकेनन्। फलतः ठूलो संख्यामा नेपाली विद्यार्थीहरू विदेश पलायन भएको अवस्था छ।

कुनै पनि मुलुकमा सञ्चालित सम्पूर्ण विश्वविद्यालयहरू उत्कृष्ट नहुन सक्छन्। तथापि, कमसे कम राज्यले देशको एउटा विश्वविद्यालयलाई उत्कृष्ट बनाउनसकेमा मुलुकको शैक्षिक स्तर माथि उठ्न सक्छ। हाम्रो मुलकुको त्रिभुवन विश्वविद्यालय सबैभन्दा जेठो र धेरै विद्यार्थीहरू भएको संस्था हो। उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूमध्ये ८० प्रतिशत विद्यार्थीहरू भर्ना हुने त्रिभुवन विश्वविद्यालयलाई एउटा उत्कृष्ट शैक्षिक संस्था बनाउन जरुरी छ। पछिल्लो समयमा ढिलै भए पनि सरकारले विश्वविद्यालयहरूलाई मेरिटोक्रेसीको आधारमा सञ्चालन गर्ने भनेको छ। दुई दशकपछाडि त्रिविले क्यालेन्डर बनाएर शैक्षिक क्रियाकलापहरू गर्ने कामको सुरुवात भएको छ। यी कार्य सकारात्मक पक्ष हुन्। तथापि, विश्वविद्यालयमा झाँगिएका तमाम समस्याहरूको उत्खनन गरी समस्या समाधान नगरेसम्म त्रिविको साख उकासिन सक्दैन। विश्वविद्यालयलाई उत्कृष्ट बनाउन राज्यको मात्र भूमिका अपर्याप्त हुन्छ। त्यसैले राज्य, प्राध्यापक, विद्यार्थी, सरोकारवालालगायतले आ-आफ्नो ठाउँबाट प्रभावकारी भूमिका खेल्नुपर्छ।

शिक्षाको लक्ष्य डिग्री हस्तान्तरण गर्नु मात्र होइन, शिक्षाले व्यक्ति, समाज र मुलुकलाई आवश्यक पर्ने ज्ञान तथा सीप हस्तान्तरण गर्नुपर्छ। शिक्षाले नागरिकहरूलाई आफूले अध्ययन गरेको विषयमा आधारित ज्ञान र सीपमा प्रदान गर्न नसक्दा शिक्षा र आयआर्जनको सम्बन्ध गाँसिएको छैन। दार्शनिक एरिस्टोटलले शिक्षालाई व्यक्ति, समाज र राष्ट्रको आर्थिक समृद्धिका आधार हो, भन्छन्। यसको अर्थ समाजमा रहेको गरिबी हटाउनको आयमूलक शिक्षाको आवश्यकता पर्छ भन्ने कुरा बुझ्नुपर्छ।

शिक्षालयहरूको अवस्थाले भविष्यको दिशानिर्देश गरेको हुन्छ भन्ने गरिन्छ। अहिलेको वास्तविकता हेर्दा विश्वविद्यालयहरूले उच्च शिक्षा आर्जन गर्नका लागि विद्यार्थीहरूलाई आकर्षण गर्न सकेका छैनन्। विद्यालय शिक्षापछाडि विदेश जाने विद्यार्थीहरूको बहावलाई रोक्न सकेका छैनन्। यो अवस्था लामो समयसम्म रहनुहुँदैन। मुलुकका उच्च शिक्षालयहरू उत्कृष्ट शिक्षा प्रदान गरेर शिक्षाका आकर्षक केन्द्र बन्नुपर्छ। विद्यार्थीहरूले भविष्य खोज्ने र रोज्ने स्रोत केन्द्र बन्नुपर्छ।

अहिले संख्यात्मक रूपमा विश्वविद्यालयहरूको कमी छैन। त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, सुदर पश्चिम विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षी जनक विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा मनमोहन प्राविधिक विश्वविद्यालयलगायत कतिपय पाइपलाइनमा पनि रहेका छन्। विश्वविद्यालयहरूमा लगानी गर्ने तर विद्यार्थीहरूले मुलुकमा उच्च शिक्षा हासिल गर्न नरुचाउने र विदेश जाने भएकाले हरेक वर्ष अर्बौंको आर्थिक बहाव भइरहेको छ। अब राज्यले संख्यात्मक रूपमा विश्वविद्यालयहरू बढाउनुभन्दा भएका विश्वविद्यालयहरूको गुणस्तरमा ध्यान दिनुपर्छ। विद्यार्थीहरूमा स्वदेशकै युनिभर्सिटीहरूमा पढ्न इच्छा जगाउने काम गर्नुपर्छ।

अहिले विश्वविद्यालयहरूमा पढ्ने विद्यार्थीहरूको संख्या घट्दो छ। कतिपय विषयमा त विद्यार्थी भर्ना नै हुन छाडेका खबरहरू आइरहेका छन्। यदि, विश्वविद्यालयहरूको शैक्षिक अवस्थामा सुधार हुन सकेन भने यिनीहरूको भविष्य कस्तो होला ? बिनाविद्यार्थीका युनिभर्सिटीहरू कसरी सञ्चालन हुन सक्लान् ? उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थी नभएमा मुलुकलाई आवश्यक दक्ष जनशक्तिको आपूर्ति कसरी हुन सक्ला ? शिक्षित युवाहरू विदेशका युनिभर्सिटीहरूमा पढेर विदेशमै बस्न रुचाउने गरेका छन्। दीर्घकालीन रूपमा हेर्दा यो विषय अत्यन्त चोटिलो छ। राज्यले कहिले सोच्ने ?

मुलुकका विश्वविद्यालयहरू राजनीतिक दबाब र प्रभावले च्यापिएका छन्। प्रजातन्त्रको पुनर्स्थापना २०४६ सालपछाडि एकातिर विश्वविद्यालयहरूका माथिल्लो पदहरू राजनीतिक आस्थाका आधारमा नियुक्ति गर्ने दलहरूले ठूलो भूल गरे भने अर्कोतिर विभिन्न दलका भ्रातृ संस्थाका रूपमा विद्यार्थी संगठनहरूले विश्वविद्यालयहरूलाई राजनीति गर्ने उद्गम ठाउँका रूपमा प्रयोग गरे। प्राज्ञिक थलोमा विद्यार्थी संघ संगठनहरूले राजनीति गर्ने, नाराबाजी गर्ने, युनिभर्सिटी बन्द गर्ने, उच्च पदस्थ पदाधिकारीहरूलाई थुन्ने, कालोमोसो लगाउने जस्ता गतिविधिहरू भए। उल्लिखित क्रियाकलापहरू शिक्षाको गुणस्तरका लागि भएको भए आलोचना गर्नुपर्ने थिएन। विद्यार्थीहरूले पनि आफ्नो भविष्य राजनीतिमा होइन, शिक्षामा देख्नुपर्छ। विश्वविद्यालयजस्तो गरिमामय प्राज्ञिक थलोमा शैक्षिक क्रियाकलापहरू हुनुपर्छ। शिक्षक प्राध्यापकहरूले विश्वविद्यालयहरूको शाख बढाउने काम गर्नुपर्छ। राजनीतिक दलको फरिया समाएर भऱ्याङ चढ्ने काम प्राज्ञिक वर्गलाई सुहाउने कुरा होइन, यसो नगरौं।

आज युरोप, अमेरिका तथा एसिया महादेशका विश्वविद्यालयहरूले दक्ष मानवस्रोत उत्पादन गर्न सकेकाले ती राष्ट्रहरूले आफ्ना मुलुकमा भएका प्राकृतिक स्रोत र साधनहरू उपयोग गरी विकासको चरम बिन्दुमा पुग्न सफल भए। हाम्रो मुलुकका विश्वविद्यालयहरू वैज्ञानिकहरू उत्पादन गर्न नसकेकाले भूगर्वमा भएका सुन, चाँदी, हीरा, मोति, कोइला, पेट्रोलियम पदार्थ, युरेनियमलगायतका खानी र खजनाहरूको पहिचान, उत्खनन तथा उपयोग गर्न सकेको अवस्था छैन। कृषि शिक्षाको अभावमा कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकीकरण, वैज्ञानिकीकरण तथा व्यावसायीकरण हुन सकेको छैन। मुलुकमा भएको जल, जंगल, जडीबुटीजस्ता सम्पदाको उपयोग हुन सकेको छैन।

अन्त्यमा विश्वविद्यालयहरू दक्ष जनशक्ति उत्पादन गर्ने उच्च प्राज्ञिक केन्द्र हुन्। विश्वविद्यालयको अध्ययनबाट उत्पादन भएको जनशक्ति देश निर्माणमा नलागेसम्म विकास सम्भव हुँदैन। त्यसैले विश्वविद्यालयलाई व्यक्ति, समाज र सिंगो मुलुकको जीवन समृद्ध बनाउनसक्ने शैक्षिक केन्द्रका रूपमा विकास गर्नुपर्छ। नेपाली विद्यार्थीहरूका लागि मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रका विद्यार्थीहरूलाई समेत उच्च शिक्षा आर्जन गर्नका लागि आकर्षकका केन्द्र बनाउनुपर्छ। यसका लागि राज्यले शिक्षा नीतिमा सुधार, प्राज्ञिक वर्गको शैक्षिक नेतृत्व, समयसापेक्ष पाठ्यक्रम, अनुसन्धानमूलक शिक्षण सिकाइलगायतको क्षेत्रमा सुधार अनिवार्य सर्त हुन्। यी सर्त लागू गर्न विलम्ब नगरौं।

JANASHAKTI
By HR Capital Nepal

# नेपाली बजारमा असुसको एआई ल्यापटप

सन्जिब दुलाल

काठमाडौं। असुसले नेपाली बजारमा एआई ल्यापटप सार्वजनिक गरेको छ। गेमिङ ल्यापटपको दुनियाँमा राम्रो नाम कमाएको असुसले नेपाली बजारलाई लक्षित गर्दै एआई ल्यापटप भिभोबुक एस १५ सार्वजनिक गरेको हो। नेपालका लागि असुसको आधिकारिक वितरक नागमणि इन्टरनेशनलले एक कार्यक्रमका बिच उक्त ल्यापटप सार्वजनिक गरेको हो।

तीन वटा प्रोसेसर सहित असुसको एआई ल्यापटप सार्वजनिक भएको कार्यक्रममा नागमणि इन्टरनेशनलका निर्देशक अमित सराफले जानकारी दिनुभयो । उहाँका अनुसार असुस भिभोबुक एस १५ मा १२ कोर भएको आर्ममा आधारित क्वालकमको स्न्याड्रयागन एक्स ईलाइट प्रोसेसर प्रयोग गरिएको छ, जुन एप्पलको एम थ्री चीपभन्दा पनि फास्ट रहेको छ। यसमा क्वालकमको ओरेन सिपियु र हेक्जागन एनपीयु (न्युरल प्रोसेसिङ युनिट) पनि रहेको उहाँले जानकारी दिनुभयो । एआई सुविधायुक्तले सिपियु र जीपीयुलाई फ्री गर्नेछ, जसले गर्दा एकै पटक धेरै काम गर्न उहाँको तर्क रहेको थियो।



विन्डोज ११ अपरेटिङ सिस्टम रहेको यसमा १६ जीवी र्‍याम र एक टिभी एसएसपी स्टोरेज रहेको छ। ल्यापटपको र्‍यामलाई आवश्यकता अनुसार ३२ जाबीसम्म बढाउने सकिने नागमणिले जानकारी दिएको छ। ल्यापटपले १८ घण्टासम्म ब्याट्री ब्याक अप दिने कम्पनीले जानकारी दिएको छ । यसमा आरजीबी किबोर्ड समेत राखिएको छ। असुस भिभोबुक एस १५ मा युएसबी, एचडीएमआई, वाइफाई ७, अडियो ज्याक, माइक्रो एसडी कार्ड रिडर लगायत सुविधा समेत रहेको कम्पनीले जानकारी दिएको छ। असुस भिभोबुक एस १५ को मूल्य २ लाख ९ हजार ९०० रुपैयाँ रहेको र उक्त ल्यापटपको २ वर्षको वारेन्टी अनि एक्सिडेन्ट ड्यामेज प्रोडेक्ट सेवा समेत रहेको कम्पनीले जानकारी दिएको छ। जुन सुविधा मार्फत ग्राहकले पहिलो वर्ष फिजिकल ड्यामेजको मर्मत शुल्कको ८० प्रतिशत सम्म छुट पाउन सक्ने नागमणिले जानकारी दिएको छ। यो सुविधा भने नेपालमा खरिद गरिएका ल्यापटपमा मात्र भएको समेत कम्पनीले जानकारी दिएको छ।

कम्पनीका अनुसार उक्त ल्यापटपमा विभिन्न अन्य सुविधा समेत रहेको छ। जसका कारण हाम्रा दैनिक जीवनका विभिन्न काम तथा गेमिङको दुनियाँमा यो ल्यापटपले अझ सुविधा दिने कम्पनीले विश्वास राखेको जानकारी दिएको छ।

गम्भीर बहादुर हाडाको

बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।

# सफल हुन के गर्ने ?

**नेत्र सुवेदी 'प्रयास'**

'के छ हालचाल ?' भनेर कसैले सोध्यो भने हामीले तयारी जवाफ दिन्छौँ 'ठिकै छ'। कसैले 'खतम छ' पनि भन्ला। तर यी जवाफ प्रस्ट भएनन्, सोलोडोलो खालका भए। यी र यस्ता प्रश्नको यकिन र प्रस्ट जवाफ दिन सकेमा हाम्रो जीवन नै बदलिन सक्ने दाबी मनोविज्ञानवेत्ताहरुको रहेको छ। आफूमा वा अरूमा तत्काल रहेको संवेगलाई राम्रोसँग बुझ्नु भनेको हामी कसरी सिक्ने, कसरी निर्णय गर्ने, कसरी अरूसँग व्यवहार गर्ने भन्ने विषयमा प्रस्ट हुन सरल हुन्छ भने अन्ततोगत्वा व्यक्तिगत उन्नतिका लागि पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

संवेगहरुको आफ्नै पहिचान र महत्व रहेको हुन्छ। संवेगलाई शरीरको बुद्धि पनि भनिन्छ। संवेगहरु जीवशास्त्रीय तत्व हुन्। यसलाई हाम्रो शरीर र दिमागले काम गर्ने रसायन पनि भन्ने गरिन्छ। भनिन्छ कि हामीमा आउने संवेग हामीलाई केही न केही सुनाउन उपस्थित भइरहेको हुन्छ। संवेग सिर्जना गर्ने उद्दीपकलाई हामीहरु आन्तरिक र बाह्य भनेर हेर्न सक्छौँ। आफैँभित्र सिर्जित कुनै विचार वा भौतिक अनुभूतिलाई आन्तरिक उद्दीपक भनिन्छ भने कसैसँग भएको भेट वा कुनै घटना भने द्वितीयक उद्दीपकमा पर्दछन्। संवेग र विचार एकले अर्कोलाई प्रभाव पार्ने हुन्छ। साथै संवेगले हाम्रो शरीरमा पनि असर पर्दछ। यसको ज्ञानबाट व्यक्तिलाई अवसर र चुनौतीका लागि तयारी हालतमा राख्दछ।

शरीरमा रहेका आधारभूत क्रियाहरु जस्तैः मुटुको धड्कन, रगतको प्रवाह, पाचन क्रिया, रोगसँग लड्ने क्षमता, मांसपेसीमा रहने लचिलोपन र शरीरको तापक्रममा घटबढ हुने गर्दछ। त्यसैले भनिएको छ कि के कस्तो शारीरिक अवस्था छ भन्नेबाट पनि कस्तो संवेग पैदा भएको छ भन्ने थाहा लाग्दछ। संवेग पहिचान गर्ने र सोहीअनुसार व्यवहार गर्ने अभ्यास गर्दै जाँदा मन्दखालको अनुभूति चिनेर कडा र घातक प्रतिक्रिया पैदा नहुँदै व्यवस्थित गर्न सम्भव हुन्छ। हाम्रो शरीरको अवस्था जान्नका लागि शरीर-मस्तिष्क-हृदयको 'स्क्यान' गर्नुपर्ने अनि मात्र पूर्णरुपमा जानकारी पाउन सकिने भनिएको छ। भौतिकरुपमा अनुभूत भएका कुराहरु जस्तैः चिन्ता, मुस्कान, मांसपेसीको लचकता छ वा छैन भन्नेबाट शारीरिक अवस्था थाहा लाग्दछ भने कस्तो विचार आइरहेको छ रु ध्यान केन्द्रित भएको छ वा भङ्ग भइरहेको छ अवलोकन गर्ने गर्दा मस्तिष्कको अवस्था थाहा लाग्दछ भने शान्त छ वा झोँक चलेको छ वा खुसी वा चिन्तित वा उत्साहित के छ भन्ने जानकारीबाट हृदय पढ्न सकिने देखिन्छ।

रोबर्ट प्लुटचकका अनुसार खुसी, आश्चर्य, रुचि, नरुचाउनु वा घृणा गर्नु, चिन्ता, डर छ आधारभूत संवेगमा पर्दछन्। त्यसैगरी, आठवटा आधारभूत संवेगमा रिस र विश्वाससमेत थपिन्छन्। समूहमा सँगै बसेर घटनाक्रम र भएको अनुभूति साटासाट गर्ने क्रममा कुन संवेगले काम गरेको भनेर अनुमान लगाउन सक्छन् र कस्तो संवेगका बखत के कस्तो व्यवहार वा क्रियाकलाप गर्नु उचित हुन्छ र के कस्तो गर्नु हुँदैन भन्ने सिकाइसमेत हुन्छ।

हाम्रो दिमागमा रहने 'हाइपोथ्यालामस' त्यस्तो चीज हो, जसलाई संवेगको रसायन रहने कारखाना नै भन्न सकिन्छ। प्रोटिनबाट बनेका धागोजस्तो वस्तुबाट बन्ने त्यस्ता संवेगका रसायनहरु दिमाग हुँदै पिटुटरी नली हुँदै रगतमा प्रवाह हुने गर्दछन्। यसबाट पनि के बुझ्न सकिन्छ भने संवेगात्मक अनुभूतिको प्रभाव प्रत्येक जीवित कोषमा पर्न जान्छ। संवेगसम्बन्धी रसायन शरीरभरि पुग्न छ सेकेन्ड लाग्ने बताइएको छ।

किन आवश्यक छ संवेग व्यवस्थापन

अहिलेको मान्छेमा र अहिलेको सम्बन्धमा देखिएको बेचैनी, बेखुसी, अशान्ति र विरोधाभासको पिँधमा पुगेर हेरियो भने संवेगलाई पढ्न नसक्नु र संवेग नबुझी व्यवहार गरिनुमा पुगिन्छ। आधुनिक दुनिया जति नै नजिकका व्यक्तिहरुबीचमा पनि अनुभूतिमा आधारित संवाद कम वा दुर्लभ हुन्छ। एकै परिवारका सदस्यहरुबीच, एउटै टोलीमा काम गर्ने भनिए पनि वा एउटै सङ्गठनमा समेत एकले अर्काको संवेग बुझेर हैन कि आफ्नो संवेगलाई सबैथोक ठाने जसरी बोलिन्छ, जसबाट अरूलाई हित नगर्न सक्छ। अझ यसरी भनौँ प्रत्येक छलफलमा शान्ति वा आत्मीयता प्रवर्द्धन गर्ने वा द्वन्द्व वा हिंसा बढाउने भन्ने छनोट हामीले नै गर्ने हो अरू कसैले गरिदिँदैन। एकता प्रकाशनले सन् २०२० मा बजारमा ल्याएको 'माई इमोसन म्याटर' नामक पुस्तकमा संवेगको परिचय तथा आधारभूत पक्षहरुका सम्बन्धमा चर्चा गर्दै सकारात्मक व्यवस्थापनका बारेमा मार्गदर्शन गरिएको छ।

संवेगलाई चिनाउने संवेगात्मक साक्षरता र संवेगात्मक बौद्धिकताबाट सन्तुलित र प्रभावकारी जीवन जिउने कलाको विकास हुन्छ। यो कौशलबाट कुनै पनि कामको नतिजाको प्रभावकारिता बढ्ने, निर्णय निर्माणमा सुधार आउने, स्वस्थकर रहने र आपसी सम्बन्ध प्रगाढ राख्न सहयोगी हुन्छ। भनिएको छ कि संवेगलाई बुझ्नेहरु अनुभूति व्यवस्थापनमा चुस्त हुन्छन् र त्यसैगरी आफ्नो काममा पनि निपूर्ण उत्रिन्छन्। उनहरु खुसीमा मात्तिने र दुःखमा आत्तिने नगरी एकखालको सन्तुलित व्यवहार प्रदर्शित गर्न सक्छन्।

संवेग व्यवस्थापन कला

दिनभरि गरिएका कामलाई फर्केर हेर्दा खुसीको पल र दुःखको पल कुन थियो ? गत हप्ताभरिको सुनाउनयोग्य कुनै क्षण कुन थियो ? यस्ता प्रश्नहरु व्यक्तिको संवेगसँग सम्बन्धित हुन्छन्। कुन घटना वा क्षणमा के कस्ता अनुभूति भए भन्ने तहमा व्यक्तिले जवाफ दिन सकेमा मात्र उल्लिखित प्रश्नको जवाफले अर्थ राख्दछ। यसरी मनका अनुभूतिहरु व्यक्त गर्ने अवसर पाउँदा मान्छे नजिक भएको महसुस गर्दछ। हामीमा सिर्जना हुने वा हाम्रो व्यवहारलाई प्रभावित गर्ने आधारभूत संवेगहरुको जानकारी गराएपछि माथि उल्लेख भएका प्रश्नहरुको उत्तर दिन सरल हुन्छ। अभ्यास गर्दै जाँदा सुनाएका क्षण वा संवेगहरु वा व्यक्तिले महसुस गरेका प्रतिक्रियाहरु कुन संवेगसँग सम्बन्धित छ भनेर सुनाउने व्यक्तिले नै भन्न थाल्दछन्।

एउटा परिवारमा रहने व्यक्तिहरु कमसेकम साँझको १५ मिनेट सँगै बसेर दिनभरिमा के कसो भयो भनेर आ-आफ्नो अनुभूति सुनाउने संस्कारको विकास गर्नु सकियो भने कस्तो परिस्थितिमा कुन संवेग प्रभावी भएर आयो भन्ने खुल्दै जान्छ। आफू स्वयम् र अरू कुनै व्यक्तिको सम्बन्धमा पनि के कसरी व्यवहार गर्दा उसको संवेगमा अनावश्यक उतरचढाव आउँदैन भनेर बुझ्नका लागि पनि आफू वा अरू कसैलाई कुन खालको घटनाले प्रभाव पार्दछ भन्ने बुझ्नु आवश्यक हुन्छ। यसबाट नै पारिवारिक सम्बन्ध प्रगाढ बन्दै जान्छ। त्यस्तै मूल्यमा आधारित शिक्षाको पाटोका रुपमा संवेगसम्बन्धी सिकाइबाट व्यक्ति, विद्यालय र अन्य सङ्गठनलाई संवेगात्मक बौद्धिकताको सहयोगबाट अन्तरवैयक्तिक सम्बन्धमा रहेका समस्या हल गर्ने विश्वास गर्न सकिन्छ।

घरपरिवारको सदस्य, विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यालयका स्टाफ वा कुनै टोलीका सदस्यहरुलाई संवेगसम्बन्धी साक्षरता आवश्यक पर्दछ। सुरुमा उत्सुकता, खुसी र डरलाई बुझाउन क्रमशः कोपिला, फूल र काँडाद्वारा चिनाउन सकिँदोरहेछ। अनि एकले अर्कोलाई तिम्रो आजको फूल के हो भनेर जिज्ञासा राख्न पनि मिल्दोरहेछ। कसैले भन्ला कि आज धेरै वर्षपछि मेरो मिल्ने साथीसँग भेट भयो त्यसैले आजका लागि मेरो फूल यही भेट हो भनेर। अनि आउने हप्ता पोखरा घुम्न जाने योजना बन्नु कुनै विद्यार्थीका लागि कोपिला हुन सक्छ। संवेगलाई मसिनोसँग चिनेपछि व्यवहार गर्न पनि सरल हुँदै जानु स्वाभाविक नै हो।

हामीहरु जटिलताले भरिपूर्ण समयमा बाँचिरहेका छौँ। पहिलेपहिले नभएका र शीघ्र सुधार भइरहेका सञ्चारमाध्यम तथा सामग्रीको बाढी नै लागेको छ तर पनि व्यक्तिहरु एकलकाँटे देखिन्छन्, खुसी देखिन्नन्, सम्बन्धहरु पनि टिकाउ भइरहेका छैनन्। तनावको तह बढिरहेको छ। यी कारणको परिणामस्वरुप व्यक्तिहरु अस्थिर, अधैर्य, आपसमा भिड्ने, भाग्ने, निष्क्रिय रहने क्रम बढेको छ। सारमा भन्नुपर्दा हामीले व्यक्तिगत र सामूहिक रुपमा भोग्नुपरेका समस्याको समाधान जटिल बन्दै गइरहेको छ। हाम्रो परिवेश र कार्यशैलीका कारण संवेगात्मक चुनौती बढेको हो। बालबालिका, किशोरकिशोरी पनि तनावको भुमरीमा छन्।

अहिलेको जटिल जीवनशैलीयुक्त समाजमा व्यक्तिले आफ्नो र अरूको पनि संवेग बुझेर व्यवहार गर्नुपर्ने भएको छ। क्यालिफोर्नियामा कार्यालय रहेको गैरसरकारी संस्था सिक्स सेकेन्ड्स त्यस्तो संस्था हो जसले संवेगलाई व्यवहारमा प्रयोग गर्न सक्नेगरी प्रक्रिया विकास गरेको दाबी गरेको छ। संवेगात्मक बौद्धिकताको सही अभ्यासबाट विश्वमा अर्बौंको सङ्ख्यामा रहेका मानिसलाई सन्तुलित व्यवहार गर्न सक्षम बनाउँदै शान्त, समृद्ध र अझ राम्रो विश्व निर्माण गर्ने भिजन उक्त संस्थाको रहेको छ र संवेग सम्बन्धमा थुप्रै सामग्रीहरु प्रयोगकर्तालाई उपलब्ध समेत गराएको छ।

'जोन' नामक विद्वानका अनुसार यदि कुनै व्यक्तिले संवेगसँग स्वस्थ र खुला सम्बन्ध राख्न सक्षम भयो अनि आफूमा आएको संवेगलाई पहिचान गर्न स्वीकार गर्न र सम्मान गर्न सक्यो भने र ती संवेगलाई जागृतिको औजारका रुपमा लिन सक्यो भने मात्र त्यो क्षमताले जीवनका विभिन्न मोडमा आवश्यक पर्ने निर्णय लिने कार्य सरल भएर जन्छ। संवेगको सम्बन्धमा साक्षर हुनु भनेको संवेग के के हुन्छ भनेर बुझ्नुमात्र कदापि होइन। तत्काल आफूमा के कस्तो संवेग अनुभूति भइरहेको छ अवगत हुनु, अरू व्यक्तिको अनुहार हेरेर वा स्वर सुनेर उसको संवेग पहिचान गर्नु पनि हो। यदि अनुमान लगाउन सकिएन भने संवेग पढ्न नसकेको नै मानिन्छ।

त्यस्तै, कुनै घटना वा परिस्थितिको सम्बोधन गर्ने कि प्रतिक्रिया मात्र व्यक्त गर्ने, जीवनमा कुनै लक्ष्य वा उद्देश्य लिएर त्यसैमा केन्द्रित हुनु वा निरुद्देश्य भड्किरहनु, कुनै जिज्ञासामा जवाफ दिन हतार गर्नु वा केहीबेर रोकिएर जवाफ दिनु, अरूले राखिरहेको विषय सुन्न तयार नहुनु वा ध्यान दिएर सुन्नु, आफ्नो मूल्यमान्यता बारेमा नै अनभिज्ञ हुनु वा मूल्यमान्यता पछ्याउनु, कुनै कार्यपश्चात् पृष्ठपोषण नलिनु वा पृष्ठपोषणप्रति खुला रहनु जस्ता परस्पर विपरीत व्यवहार संवेगप्रति साक्षर हुँदा वा नहुँदा देखा पर्दछन्। वास्तवमा व्यक्तिमा देखापर्ने जुनसुकै खालको संवेगको जिम्मेवारी उक्त व्यक्तिकै हुन्छ। आफ्नो संवेगका कारण भएको नतिजाका लागि जिम्मेवारी नलिने तर अरूलाई आरोप भने लगाइहाल्ने प्रवृत्ति पनि संवेगको व्यवस्थापन कला नभएकै परिणाम हो। संवेगको साक्षरता वा संवेगात्मक बौद्धिकता राम्रो भएको खण्डमा आफ्नो वा संलग्न समूहलाई पूर्णरुपमा जागृत राख्न सहयोग पुग्दछ।

संवेगात्मक अनुभूतिहरुलाई बेवास्ता गर्ने अभ्यास बढ्दै गयो भने त्यस्ता अनुभूतिसँग मुकाबिला गर्ने विषय चुनौतीपूर्ण हुँदै जान्छ। संवेगका सङ्केतहरुप्रति सचेत भइयो भने एउटा वा एकभन्दा वढी संवेगले शरीर र व्यवहारमा ल्याउन सक्ने प्रतिकूल परिणामबाट बच्न सकिन्छ। शरीरमा पैदा हुने संवेगहरुमध्ये सबैभन्दा बढी प्रभावमा रहेको संवेग प्रस्ट देखिन्छ। रिसलाई सबैभन्दा सशक्त संवेग मानिएको छ। जस्तो कुनै व्यक्ति रिसाएको बखत एकान्तपन, आशावादिता, केही गर्न उत्साहित पनि हुन सक्दछ। एउटा संवेगलाई अरू सबै संवेगलाई हटाइहाल्न नसक्ने हुँदा कुनै संवेग अनुभूत भइरहेको बेला अरू कुनै अनुभूति पनि छ कि भनेर 'स्क्यान' गर्नुपर्ने हुन्छ। अर्कोतिर संवेगात्मक अनुभूतिहरु सङ्क्रामक हुने बताइएको छ। हामीमा आउने संवेगले हाम्रो कार्यव्यवहारलाई त असर गर्दछ नै यसले हाम्रो वरपर रहेका र हामीसँग सरोकार राख्ने व्यक्ति वा समूहलाई समेत असर गर्दछ।

विवाद समाधानका क्रममा विवादका कारण तथ्य हो वा सम्बन्ध हो पहिल्याउनुपर्ने देखिन्छ। कारणको सही पहिचान भयो मात्र समाधान सरल बन्दछ। त्यस्तै, हामी उच्च शिक्षासम्म अध्ययन गर्दा पनि धेरै खालका तथ्याङ्कसँग चल्दछौँ तर संवेग वा सम्बन्धका बारेमा कमै मात्र अध्ययन हुन्छ। आपसी सहयोगका सम्बन्धमा कम र प्रतिस्पर्धामा ज्यादा जोड दिएका हुन्छौँ। फलस्वरुप हामी संवेग सम्बन्धमा कमै मात्र जानकार हुन्छौँ। सङ्गठनभित्र रहेका कर्मचारीहरुको संवेगात्मक अवस्था र कार्यसम्पादनमा त्यसको सम्बन्धको विश्लेषण गरी सोहीअनुसार व्यवहार गर्ने र परामर्श उपलब्ध गराउन सकेमा कार्यालयकै कार्यसम्पादन वृद्धि हुन्छ। यो विषयलाई मनन गरी संवेगात्मक साक्षरता र संवेगको सुव्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ।

*(लेखक बाग्लुङका प्रमुख जिल्ला अधिकारी हुन्)*

# Pentecost

*P. Pilgrim*

*In Christianity, just like many other religions, there are dates that hold special significance to the followers. An example of this is seen on Christmas day the 25th of December when the faithful remember the birth of the Lord Jesus Christ in Bethlehem, Israel. It is a time of great celebration for the church and its people, as God the son came to live in this sin cursed world. Another day of special importance for the church is the day of Pentecost. The term Pentecost comes from the Greek word to mean fifty or fiftieth. It is the festival that is held 50 days after Passover and Easter Sunday. The Lord Jesus being of the Jewish nation followed the Old Testament festivals. The first of the pilgrimage festivals was the feast of Passover and Unleavened bread, 50 days later the feast of weeks commenced, when Jews from all over the world came to Jerusalem. During this feast of Weeks they celebrated the day of Pentecost when the Jews give thanks to God for the wheat harvest. It is a day of thanksgiving for the goodness of God to the nation of Israel. The last feast is the feast of Booths and it is held in the autumn. In the Christian calendar we remember the Passover as it represents the time when the Lord Jesus Christ was crucified and died and, on the Sunday, rose from the dead. 50 days from the resurrection Sunday the Christian church celebrates the day of Pentecost, when the church remembers the promise of the giving of the Holy Spirit. After the resurrection of Christ Jesus, he exhorted his disciples to wait in Jerusalem for the coming Holy Spirit. The book of Act chapter 1 verse 4,5 records the exhortation, "And, being assembled together with them, (Jesus) commanded them that they should not depart from Jerusalem, but wait for the promise of the Father, which, saith he, ye have heard of me. For John truly baptized with water; but ye shall be baptized with the Holy Ghost not many days hence." Thus, during the feast of Weeks, the disciples and the followers of Christ were in the city of Jerusalem awaiting the fulfilment of the promise. The Holy scriptures record that the disciples were all together on the day of Pentecost. When suddenly a sound came from heaven like the sound of a mighty rushing wind. The sound filled the house, and then appeared what was like 'tongues of fire' which sat above the head of each disciple. At that moment the disciples were filled with the Holy Spirit and began speaking in other languages. This miraculous phenomenon was talked about in the city and devote men from every nation came to hear them speak. The book of Act chapter 2 verse 6 explains it, "the multitude came together, and were confounded, because that every man heard them speak in his own language." These men were astounded because they knew that many of the disciples were unlearned men, they had little schooling and yet here they were speaking foreign languages so that all present could understand. Verse 8 shows their surprize, "And how hear we every man in our own tongue, wherein we were born?" Over 14 distinct countries are mentioned from verses 9 to 11 then it says "we do hear them speak in our tongues the wonderful works of God." This was and still is an amazing miracle for it allowed these men to bring the saving message of Christ back to their countries and was the means of many more men and women becoming believers in Christ Jesus. The day of Pentecost should be remembered in our churches, for it reminds us that God keeps his promises. The desire of God is for all men to hear the message of salvation and peace with God through the Lord Jesus Christ.*



*pilgrimway101@yahoo.com*




## प्रधानमन्त्रीको ...

भने अब नगर्नू।

४) हामीले नयाँ कामभन्दा पनि हाल थालिएका काम सम्पन्न गर्ने गरी लाग्नुपर्छ। काम सम्पन्न गर्नेतर्फ मुख्य ध्यान हुनुपर्छ।

५) हामीले इन्धन आयातका लागि खर्चने अर्बौं रकम बचाउने योजनामा जानुपर्छ। जलविद्युतको विकास र उपयोगमा ध्यान दिनुपर्छ।

६) इजरायल र मलेसियाले समुद्रको पानी प्रशोधन गरेर पिउने पानी बनाइरहेको छ। हामीले सगरमाथाको पानीलाई किन ब्राण्डिङ नगर्ने ? यसमा ध्यान दिन सक्नुपर्छ।

७) कुनै पनि कुरामा ढिलासुस्ती नहोस्। समन्वय बढाउनुस्। प्रम्ट रेस्पोन्स गरिनुपर्छ। सेवा लिने नागरिकले कति टाढादेखि बाटो खर्च गरेर सरकारी कार्यालयमा आएको हुन्छ, उसको हुने काम विना झञ्झट गरिनुपर्छ।

८) अनावश्यक समिति र संरचना नबनाउने। कामको परिणाम देखिने गरी गर्ने।

९) हामीले देश र जनताका लागि समर्पित भएकार काम गर्ने हो। जिम्मेवारी अर्कोलाई नपञ्छ्याउने हिसाबले काम गर्नू।

१०) कार्यसम्पादन र अधिकार प्रत्यायोजन ठीक समयमा गरेर पूर्णरुपमा काम गर्ने पद्धतिमा जानू। आदेशका भरमा भन्दा कानूनबमोजिम आफैँले जिम्मा लिएर गर्नू।

११) हामी दिगो विकासका लक्ष्य पूरा गराउनुपर्ने दायित्वमा छौं। गरिबीको अन्त्यको हाम्रो मुख्य निसाना हुनुपर्छ।

१२) सम्पति शुद्धिकरणका जटिलताहरू छन्। आफ्नै सम्पति बिक्री गर्दा पनि स्रोत देखाउनुपर्ने जस्ता स्थितिहरू छन्। यस्ता अन्योल र प्राविधिक पक्षहरुलाई व्यवस्थित गर्नुपर्छ।

१३) काम गर्नका लागि बजेटको अभाव भन्ने कुरा आएको छ, वास्तविकता के छ ? नियमित बजेट खर्च हुने तर विकास खर्च कम हुने स्थिति देखिएको छ। जनतालाई डेलिभरी दिने विकासले हो। त्यसैले पर्याप्त पुँजीगत खर्च गरेर जानुपर्छ। सेवाग्राहीले निवेदन दिए बित्तिकै काम थाल्ने र निर्णय छिटो दिने पद्धतिमा जानुपर्छ। फाइल रोकेर राख्न मिल्दैन।

१४) बीमा भुक्तानी, भ्याट रकम फिर्ता, किसानको दूध र उखुको मूल्यको भुक्तानी नपाउने अवस्था राम्रो होइन। उनीहरूले ऋण लिएर लगानी गरेका हुन्छन्, हामीले समयमा भुक्तानी नदिने गर्दा उनीहरू मर्कामा पर्छन्। यसरी कृषिको आधुनिकीकरणमा पुग्न सकिँदैन।

१५) निर्माण सम्पन्न भइसकेका कामको ठेकेदारले पैसा नपाउने तरिका हुनु हुँदैन। कोसँग के हिसाब नमिलेर वा के भएर हो बनिसकेको कामको रकम निकासा रोकिनु हुँदैन।

१६) हामी आर्थिक अनुशासनलाई पालना गरौं। रुजु हुने गरी काम गरौं। अनुदानका रकमको व्यवस्थित वितरण गरौं। व्यवसाय गर्नेलाई प्रोत्साहित गर्नुपर्छ तर व्यक्तिगतरुपमा दिइने कृषि अनुदान आदिका रकमको दुरुपयोग भएको छ, अनुगमन गरौं।

१७) करका दरहरू बिस्तार गर्ने कुरामा उत्साहित नहोऔं। मौद्रिक नीतिले बजारमा राम्रो उत्साह दिएको छ, यसलाई काम राखेर जानुपर्छ। बजारलाई चलायमान हुने गरी जानुपर्छ।

१८) धरहरा बनिसकेको छ। पार्किङको व्यवस्थापन नहुँदा सञ्चालनमा आएको छैन। पार्किङको शुल्क लिएर भए पनि सञ्चालन गर्नुपर्छ। 'मै बनाउँछु मेरो धरहरा' अभियानमा नेपाली जनताले करोडौं रकम पनि दिएका थिए। यसको पुनः निर्माणमा जनताको सहभागिता छ तर जनताले धरहरा चढ्न पाएनन्। कसरी हुन्छ छिटो सञ्चालनमा ल्याउन निर्देश गर्छु।

१९) सरकारको कार्यकालको सय दिनसम्म पुग्दा साधारणतयताः मन्त्रीहरूले अरूको आलोचना नगर्नु। आफ्नो काम गर्नु। हरेक मन्त्रालये सय दिनभित्र यो यो काम गरियो भन्ने देखिने खालका आकर्षक प्रतिवेदन दिने गरी मान्छेले गरे है भन्ने सोच्ने गरी लाग्नु।

२०) प्राथमिकताप्राप्त आयोजनाहरुका काम वर्षौंसम्म नसिकने स्थिति हुनु हुँदैन।

२१) हामीले सगरमाथा संवाद गर्छौं। त्यसको तयारीमा लागौं।

२२) मैले एक अन्तर्राष्ट्रिय पुरस्कार पाएको रकम सरकारलाई दिएर र थप बजेट विनियोजन गरेर शुरु भएको राष्ट्रिय प्रतिभा पुरस्कार किन नियमित भएन ? नियमित होस्, प्रतिभालाई हामीले प्रोत्साहन गर्नुपर्छ।

२३) हवाइ र सवारी दुर्घटनाका घटनाहरु भइरहेका छन्। हामीले राजमार्गका सडकमा लामो जरा भएका बिरुवाहरु लगाउने र नयाँ निर्माण गर्दा सुरक्षित हुने गरी डिजाइन गर्ने गर्नुपर्छ। रेल र पानीजहाज चलाउने हाम्रो योजना छ। रेलका लागि जनताको माग छ। हाम्रो प्राथमिकता यसमा रहनेछ।

२४) तरकारीमा विषादिको प्रयोग गर्ने नगर्ने क्यारेन्टइनबारे तीन महिनाभित्र निर्णय दिनुपर्छ।

२५) निजी क्षेत्रलाई साथ लिएर जानुपर्छ। व्यावसायिक क्षेत्रका सम्बोधन हुने गुनासा सुन्नुपर्छ।

२६) जनता आवास, एकीकृत विकास कार्यक्रमलाई व्यवसायसँग जोडेर सञ्चालन गर्न सक्नुपर्छ। काठमाडौंका सुकुम्बासीलाई एकान्तमा लगेर घर बनाइदिएर उनीहरुलाई बजारसँग पहुँच हुन सक्दैन। ती घर काम लागेनन्। त्यो खालका कामबाट शिक्षा लिएर अब व्यावहारिकरुपमा उचित हुने गरी काम गर्नुपर्छ।

## दाहालको ...

एक्ला-एक्लै प्रतिस्पर्धा गर्ने कसैसँग गठबन्धन नगर्ने बताएपछि अध्यक्ष दाहाल सकसमा परेका छन्।

जनताको माझ जाने निर्णय गरेका दाहाल र उनको दललाई अब जनताले विश्वास नगर्ने र २०८४ को चुनावमा पत्तासाफ हुने चर्चा चलेको छ। यही अवस्थामा माओवादी केन्द्रका युवा नेताहरुले विकल्प खोज्न थालेको पनि समाचार श्रोतले बताएको छ। ३६ वर्षसम्म पार्टी अध्यक्ष हुँदा दुब्लाएको संगठन र सहयात्रीहरुले छाडेको अवस्थामा अध्यक्ष दाहालले जनतामाझ गएर पुनर्ताजगी हुन खोज्नुलाई 'आकाशको फल आँखा तरी मर' को संज्ञा दिइएको छ।

१८ वर्षमा माओवादी केन्द्रका नेताहरु अध्यक्षसहित वर्तमान पुन, शक्तिबहादुर बस्नेत, नारायणकाजी श्रेष्ठ, नन्दबहादुर पुन, देवेन्द्र पौडेल, जनार्दन शर्मा लगायतका नेताहरुले काँचुली फेरेपछि हिजो जनयुद्ध लडेका कार्यकर्ता र माओवादीप्रति आस्था राख्नेहरुले पनि पत्याउन छाडेको राजनीतिक वृत्तमा चर्चा चलेको छ।जनताको माझ जाने निर्णय गरेका प्रचण्ड र उनको पार्टीलाई अब जनताले विश्वास नगर्ने र २०८४ को चुनावमा पत्तासाफ हुने चर्चा चलेको छ। यही अवस्थामा माओवादी केन्द्रका युवा नेताहरुले विकल्प खोज्न थालेको पनि समाचार श्रोतले बताएको छ। ३६ वर्षसम्म पार्टी अध्यक्ष हुँदा दुब्लाएको संगठन र सहयात्रीहरुले घडिको अवस्थामा अध्यक्ष दाहालले जनतामाझ गएर पुर्नताजगी हुन खोज्नलाई आकाशको फल आँखातरी मरको संज्ञा दिइएको छ। १८ वर्षमा माओवादी केन्द्रका नेताहरु अध्यक्षसहित वर्तमान पुन, शक्ति बस्ने, नारायणकाजी श्रेष्ठ, नन्द बहादुर पुन, देवेन्द्र पौडेल, जनार्दन शर्मा लगायतका नेताहरुले काँचुली फेरेपछि हिजो जनयुद्ध लडेका कार्यकर्ता र माओवादीप्रति आस्था राख्नेहरुले पनि पत्याउन छाडेको राजनीतिक वृत्तमा चर्चा चलेको छ।

## सरकारले ...

राजकुमार श्रेष्ठ- प्रधानमन्त्री कार्यालय, रामकृष्ण सुवेदी-सार्वजनिक खरिद अनुगमन, राधिका अर्याल-सूचना तथा सञ्चार, भरतमणि सुवेदी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा भएका छन्।

यसैगरी किरणराज शर्मा प्राकृतिक श्रोत तथा वित्त आयोग, मधुसुदन बुर्लाकोटी बाणिज्य, नारायणप्रसाद दवाडी- राष्ट्रपतिको कार्यालय, प्रमिलादेवी बज्राचार्य-खानेपानी र रामआधार साह- नेपाल ट्रष्टको कार्यालयमा सरुवा भएको समाचार श्रोतले जानकारी दिएको छ। यस्तै जल तथा ऊर्जा आयोगमा सुरेश आचार्यलाई सरुवा गरिएको छ। आचार्य चार महिनापछि अर्थात् मंसिर १३ गतेपछि शहरी विकास मन्त्रालयमा फर्कने जानकारहरुले बताएका छन्।

## चार ...

गर्ने बेलामा सरुवा हुँदा मर्माहत भएको जानकारहरुले बताएका छन्। आजदेखि शुरु हुने बार्षिक प्रगति समीक्षा बैठकमा असारे विकासको कोसेली बुझ्ने सपना सिग्देलले देखेका बताइन्छ। सचिव सिग्देल सिचाइँको क्याडर भएकाले ऊर्जामन्त्री दीपक खड्काले प्राविधिक सचिवहरुमध्ये सिग्देललाई रोजेको चर्चा चलेको छ।

यता, आर्थिक वर्षको अन्त्यमा मन्त्रीको कठपुतली बनेर सचिव सिग्देलको सिफारिसमा सरुवा गरिएका प्राविधिक सहसचिवहरुले सचिव शर्माको आगमनपछि न्याय पाउने आशा गरेका छन्। स्थिर सरकार भएका कारण दुई वर्षसम्म भौतिक मन्त्रालयमा सुशासन र विकासले गती लिने सरोकारवालाहरुले बताएका छन्। जे होस् भौतिक पूर्वाधार मन्त्रालयमा सचिव शर्माको पुनः आगमनले कर्मचारीहरुमा खुशीयाली छाएको समासचार श्रोतले जानकारी दिएको छ। परेका छन्। मन्त्री महासेठलाई बुझाएको मोटो रकम असुलउपर गर्ने बेलामा सरुवा हुँदा मर्माहत भएको जानकरहरुले बताएका छन्। आजदेखि शुरु हुने बार्षिक प्रगति समिक्षा बैठकमा असारे विकासको कोसेली बुझ्ने सपना सिग्देलले देखेका थिए। सचिव सिग्देल सिचाईको क्याडर भएकाले ऊर्जामन्त्री दिपक खड्काले प्राविधिक सचिवहरु मध्ये सिग्देललाई रोजेको चर्चा चलेको छ। यता आर्थिक वर्षको अन्त्यमा मन्त्रीको कठपुतली बनेर सचिव सिग्देलको सिफारिसमा सरुवा गरिएका प्राविधिक सहसचिवहरुले सचिव शर्माको आगमन पछि न्याय पाउने आशा गरेका छन्। स्थिर सरकार भएका कारण २ वर्षसम्म भौतिक मन्त्रालयमा सुशासन र विकासले गती लिने सरोकारवालाहरुले बताएका छन्। जे होस् भौतिक पूर्वाधार मन्त्रालयमा सचिव शर्माको पुनः आगमले कर्मचारीहरुमा खुशीयाली छाएको समासचार श्रोतले जानकारी दिएको छ।

## कठपुतली ...

स्वार्थपूरा गर्दै आएको श्रोतले बताएको छ। नागरिक उन्मुक्ति पार्टीकी रञ्जिता श्रेष्ठले चौधरी मन्त्री हुँदा सचिव दुवाडीले आफ्ना नातागोतालाई राम्रा र आकर्षक ठाउँमा ल्याएर र सरुवा आतंक मच्याएर कर्मचारीहरुलाई तर्साउने अनि असुल उपर गर्ने गरेको श्रोतले बताएको छ।

त्यस्तै अर्का कठपुतली सचिव गोपाल सिग्देलको पनि सपना कच्मच्चिएको छ। उनलाई ऊर्जा मन्त्रालयमा सरुवा भएर केही राहत मिलेको तर सन्तोष नभएको जानकारहरुले बताएका छन्। सचिवद्वय मरासिनी र सिग्देल २०८०साल चैत्र १५ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार दोश्रो पटक मन्त्रालय भित्रिएका थिए।

## 'घटिया'....

गुमाइ मात्र रहेका छौं। पैसा पनि जान्छ, जनशक्ति पनि जान्छ। अनि यहाँ कसले विकास गर्ने ? आज नेपाल पछाडि पर्नुको कारण त्यही हो।

खाडी भनेर के गर्नु, विकासमा विकसित मुलुकलाई टक्कर दिइसक्यो। अन्य देश 'प्लानिङ' मा चलेको छ। खानका लागि त्यहाँ काम गर्नैपर्छ। हाम्रोजस्तो सुतिसुति खान पाइँदैन। औद्योगिक क्षेत्रमा धमाधम लगानी गरिरहेका छन्। यसका कारण त्यहाँ रोजगारीको अवसर सिर्जना भएको छ।

भ्रष्टाचार शून्यमा झारेका छन्। घरजग्गा सरकारको नाममा राख्छ। जसले गर्दा घरजग्गाप्रति त्यहाँका नागरिकलाई मोह नै छैन्। आफ्नो उमेर भएपछि छोराछोरी पनि आफैं कमाउन थाल्छन्। यहाँजस्तो बुवाआमाको सम्पत्ति ढुकेर बस्दैनन्। त्यहाँको सरकारले हरेक क्षेत्रमा, हरेक चीजमा कर लगाएको छ।

कर प्रणाली उत्कृष्ट छ। जनताले तिरेको करको सदुपयोग भएको छ। दीर्घकालीन रुपमा विकास गरिरहेका छन्। प्रणालीमा चलेको देश माथि पुग्नु त स्वाभाविकै हो। अर्थतन्त्रलाई दर्बिलो बनाउन विकसित मुलुकहरु जोडतोडका साथ लागेका छन्। नेपाल सरकार घरजग्गा, शेयर र गाडीको कारोबार कसरी बढाउने भन्ने तर्फ मात्र केन्द्रित छ।

गत जेठ १५ गते सरकारले बजेट भाषण ल्यायो। गत शुक्रबार नेपाल राष्ट्र बैंकले मौद्रिक नीति ल्यायो। बजेट भाषण होस् या मौद्रिक नीति, जनप्रतिनिधि र कर्मचारीको तलबभत्ता बढाउने, शेयर, घरजग्गा र गाडीलाई सहजै कर्जा दिने, विदेश जानेलाई सित्तैमा ऋण दिइनेलगायतका विषय समेटिएको छ।

घरजग्गा, शेयर र गाडीलाई कर्जा दिएर के फाइदा ? त्यहाँबाट जनताले रोजगारी पाउँछन् ? सीमित दलालीको फाइदा मात्र हेरेको छ, सरकारले। हुन त सरकारमा बस्नेहरु आफैं दलाल हुन्। काम पनि त्यस्तै गर्नु त स्वाभाविकै हो। घरजग्गा, शेयर र गाडीको साटो उद्योग, कलकारखानालाई बिना धितो कर्जा दिने भनेको भए राम्रो हुन्थ्यो होला।

एउटा सानो उद्योग मात्र खुल्यो भने सयौंले रोजगारी पाउँछन्। राज्यले कर पाउँछ। आफ्नै देशमा उत्पादन प्रयोग गर्न पाइन्छ। अर्को महत्वपूर्ण कुरा कमाउन विदेश जान पर्दैन तर सरकारलाई त जनता विदेश पठाएर मोजमस्ती गर्नु छ। उनीहरुले रेमिट्यान्स पठाउँछन्, यहाँ खान पाइयो।

विकसित देशमा 'काम गर्दै तिर' को नीति प्रचलनमा छ। त्यहाँ विदेशी नागरिक भन्दैनन्। सबै सामान ऋणमा भिडाइहाल्छन्। अनि, महिनैपिच्छे कमाउँदै तिऱ्यो। एक हिसाबले भन्ने हो भने उनीहरुले बनाएको यो योजना पनि राम्रै हो। ऋण लिएपछि त तिर्नुपर्छ। उसले त्यहाँ काम गर्छ।

काम गर्नेबित्तिकै त्यहाँको सरकारलाई कर आउँछ, बैंकलाई ब्याज। विदेशी नागरिक भएपनि उनीहरुले पत्याउँछन् किनकि त्यहाँको सरकारलाई कसरी पैसा असुलउपर गर्नुपर्छ भन्ने थाहा छ। यहाँ त नेपाली नागरिकले नै बैंक तथा वित्तीय संस्थाबाट ऋण पाउँदैनन्। लाख लिनलाई करोडको धितो राख्नुपर्छ।

जतिसुकै पढेको होस्, सीप होस् बैंकले धितो बिना ऋण दिँदैन्। नागरिकताको आधारमा ऋण दिने हो भने यहाँ को विदेश जान्छ ? पसल थाप्न, उद्योग खोल्न चाहनेलाई बैंकले ऋण दिनुपर्ने हो। उनीहरुले भोलि कमाएर तिरिहाल्छन् तर बैंकले त्यो हेर्दैन्। धितो मात्र हेर्छ। सीप र शिक्षासँग बैंकलाई मतलब छैन, धितोसँग मात्र मतलब छ।

यहाँ गरिब झन् गरिब हुनुको कारण यही हो। लगानीको अभावले गर्दा उसले काम नै गर्न पाउँदैन। अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी सर्वसाधारणलाई डुबाउने खेलमा लागेका छन्। सय रुपियाँको शेयर ३२ सयमा पुऱ्याउन उनीहरु लागेका छन्।

सय रुपियाँमा किनेको शेयर ३२ सयमा किन्ने मान्छे त डुब्छ। जग्गामा लगानी गर्नु भनेको पैसा लगेर त्यहाँ फ्रिज गराउनु हो। पाँच हजार आना नपर्ने जग्गालाई लाखौं पुऱ्याइन्छ। यसबाट दीर्घकालीन फाइदा के ? क्षणिकको राजश्व हेरेर हुन्छ ? सरकारका प्रतिनिधिहरु दलालको इसारामा नाँच्दा यसबाट ठूलो क्षति हुने निश्चित छ।

बैंकले एउटै व्यक्तिमाथि आठ अर्बदेखि ४२ अर्ब रुपियाँ कर्जा लगानी गरेको छ। एउटैलाई दिनुको साटो सर्वसाधारणलाई एकदेखि पाँच लाख रुपियाँ बिना धितो कर्जा दिएको भयो, यहाँ कति रोजगारीको अवसर सिर्जना हुन्थ्यो ? एउटा व्यवसाय थपिनु भनेको राज्यको ढुकुटीमा राजश्व बढ्नु हो।

उसले प्यानमा दर्ता गर्छ, कम्पनी वा घरेलुमा दर्ता गर्छ, नगरपालिकामा दर्ता गर्छ। यसबाट कति कर आउँछ ? तर, बैंकको ध्यान यसतर्फ गएन। बैंकका कर्मचारीहरु घुसको पछाडि लागे। बैंकहरु आफैं मीटरब्याजी बने। बैंकसम्म सीधासाधी जनताको पहुँच पुग्नै सकेन। यसका कारण सर्वसाधारण मीटरब्याजीको जालोमा फसे।

बैंकहरु ठूल्ठूला घुस खान खोज्ने अनि कहाँबाट गरिबहरु उकासिन्छन् ? बैंकले लगानी गर्ने भनेको घरजग्गा, शेयर र गाडी मात्र हो। त्योबाहेक बैंकले अरु केही देखेकै छैन। मौद्रिक नीतिले विदेश जानेलाई बिना धितो ऋण दिने भनेको छ। अब यहाँ बाँकी भएका अलिअलि युवा पनि विदेशिने भए। यहाँ सटर लिएर व्यापार गरिरहेका पनि अब विदेश जान्छन्।

गाउँघर रित्तिसक्यो, शहर पनि विस्तारै खाली हुँदैछ किनकि सबै विदेश छिरिसकेका छन्। अब त विदेश जानेको जति लर्को लाग्छ। मर्दा र पर्दा अब यहाँ कोही हुँदैन। मुलुकमा केही गाह्रो पऱ्यो भनेपनि जनतालाई मतलब हुँदैन। सरकारको गलत नीतिले मुलुक ध्वस्त हुने भयो। यो स्थितिमा पुऱ्याउने अर्थमन्त्री र गभर्नर हुन्।

## ओली ...

प्रधानमन्त्री बनी त्यसपछिको डेढ महिनाका लागि देउवालाई प्रधानमन्त्री बनाउने सहमति भएको तथा त्यसको पालना हुने भनी ओलीले विश्वासको मत लिने समयमा संसदमै आफ्नो प्रतिबद्धता जनाएका थिए। यसैगरी हालै सरकारका सचिवहरुसँगको संयुक्त छलफलमा उनले वर्तमान सत्तासमीकरण पूर्ण अवधि टिक्ने बताए। उनले सचिवहरुलाई सरकारको गठबन्धन परिवर्तन हुने भन्ने कुरा मनमा नलिई काम गर्न आग्रह पनि गरे।

यसरी धेरै चतुऱ्याइँ गर्दा प्रधानमन्त्रीबाट प्रमुख प्रतिपक्षमा पुगेका दाहाल अहिले गाउँफर्क अभियान चलाउने अवस्थामा पुगेका छन्। २०८४ मा हुने भनिएको निर्वाचनमा कांग्रेस र एमालेले माओवादी केन्द्रसँग गठबन्धन नगर्ने छनक पाएका दाहालले आफ्नो दल माओवादी केन्द्रले आगामी चुनाव एक्लै लड्ने निर्णय गराएका छन्। सो दलको मुख्यालयमा बसेको पदाधिकारी बैठकले आगामी २०८४ को चुनाव एक्लै लड्ने निर्णय गरेको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिएका छन्।

सरकारबाट हट्नुपर्ने परिस्थितिले एक्लै चुनाव लड्ने तयारी गर्न अवसर मिलेको भन्ने धारणा दाहालले राखी मनशान्त बनाएको पनि समाचार स्रोतले दाबी गरेको छ। उनले 'आगामी निर्वाचनमा एक्लै चुनाव लड्नेगरी तयारी गर्नुपर्छ, जसले गर्दा हाम्रा विचारहरु, राजनीतिक कार्यदिशाहरु, दृष्टिकोणहरु जनतामा सोझै पुऱ्याउन सकियोस्' भन्ने धारणा राखेका बताइएको छ।

सरकारमा रहँदा आफू तथा दलका नेताहरु जनताका माझमा पुग्न असहज भैरहेको भन्दै दाहालले अब वर्तमान सरकारको विरुद्धमा समेत आवाज उठाउन गाउँगाउँसम्म पुग्नुपर्ने अवस्था र अवसर आएको भन्ने धारणा राखेका थिए। उनले आफूहरु अहिले कुनै बन्धनमा नबाँधिएको भन्दै जनतामा आफ्नो दलको दृष्टिकोणसहित जाने बताएका थिए।

उनले गाउँ गाउँमा पुगी जनताको चाहना बुझ्ने तथा वर्तमान सरकार संविधान संशोधनको नाममा जनताको उपलब्धीलाई समाप्त पार्न लाग्ने कुराको खबरदारी गरिनुपर्ने कुरालाई समेत जोड दिएका थिए। कतिपयले माओवादी केन्द्रको यो कुरालाई राजा महेन्द्रको 'गाउँ फर्क अभियान जस्तो' भनी टिप्पणी गर्ने गरेका छन्।

माओवादी केन्द्र शान्ति प्रक्रियामा आएपछि अधिकांश समय सरकारकै वरिपरि घुमेको थियो। सत्ता गठबन्धनमा कांग्रेस र एमाले आएपछि माओवादी केन्द्र अहिले केन्द्र सरकारदेखि प्रदेश सरकारसम्म प्रतिपक्षमा पुगेको छ। यसैगरी माओवादी केन्द्रबाट नियुक्ति पाएका प्रदेश प्रमुखहरुदेखि राजदूत बनेकाहरुलाई समेत ओली नेतृत्वको सरकारले फिर्ता बोलाउने निर्णय गरी उनीहरुको स्थानमा अरुलाई पठाउने निर्णय गरिसकेको छ।

यसरी सरकारविहीनको अवस्थामा पुगेको माओवादी केन्द्र वर्तमान सरकारका कमी कमजोरीहरुलाई केलाउने अवस्थामा पुगेको छ। आफू सरकारमा हुँदा विभिन्न विवादमा मुछिएका माओवादी केन्द्रको नेतृत्व पछिल्लो समयमा 'पानी विनाको माछा' जस्तो बन्न पुगेको छ। प्रतिनिधिसभामा रहेको ३२ सिटलाई 'जादूगरी संख्या' भन्ने संज्ञा दिँदै आएका दाहालको उक्त संख्या पछिल्लो घटनाक्रममा जादूविहीन अवस्थामा पुगेको छ।

यसैगरी २१ सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टी र १० सिट रहेको नेकपा (एकीकृत समाजवादी) ले पनि आफ्नो उक्त सिट संख्यालाई राम्रै गरी भजाएका थिए। कांग्रेस र एमाले नमिल्दा उनीहरुको सिट संख्याले बहुमत पुऱ्याउने मद्दत गर्ने अवस्था आइरहेको थियो। सोही कारण उनीहरु जसको नेतृत्वमा सरकार बने पनि शक्तिशाली रुपमा आफूहरुलाई उभ्याउने हैसियतमा थिए।

उनीहरुले हैसियतभन्दा माथिको सपना देखेका कारण कांग्रेस र एमाले मिल्न पुगेको अवस्था छ। यो बेला यी प्रमुख ठूला दलहरुले सहमतिलाई कायम राखी सरकार हाँकेको खण्डमा स्थिर सरकार बन्ने कुरामा दुई मत नरहेको धारणा अधिवक्ता भवानीप्रसाद अधिकारी राख्छन्। यसैगरी प्रधानमन्त्री ओलीले विश्वासको मत लिने समयमा दुई तिहाई मत पाएको अवस्थामा संविधानमा संशोधन गर्ने कुरामा सहज अवस्था आउने स्थिति रहेको चर्चा छ।

## राजदूत ...

सरकारले निरन्तरता दिने भएको छ। यसअघि उनलाई फिर्ता बोलाउने निर्णय भई उनी स्वदेश फिर्ता नआई सकेको हालको अवस्थामा उनलाई फेरि भारतकै लागि राजदूतमा सिफारिस गरिएको छ।

यसैगरी कान्ता रिजाल -अष्ट्रेलिया, नरेशविक्रम ढकाल -साउदी अरेबिया, प्रा.डा. कपिलमान श्रेष्ठ - दक्षिण अफ्रिका, धनप्रसाद पण्डित - इजरायल र रामकृष्ण भट्टराई - श्रीलंकाका लागि राजदूत सिफारिस भएका छन्। यसैगरी सनिल नेपाल - स्पेन, डा.शैल रुपाखेती - जर्मनी, लोकदर्शन रेग्मी - अमेरिका, चन्द्रकुमार घिमिरे - संयुक्त अधिराज्य (बेलायत), डा. शिवमाया तुम्बाहाङ्फे- दक्षिण कोरिया र जंगबहादुर चौहान - रुसका लागि सिफारिसमा परेका छन्।

यस्तै रमेशचन्द्र पौडेल - कतार, प्रा.डा.कृष्णप्रसाद ओली - चीन, सुम्निमा तुलाधर - डेनमार्क, नेत्रप्रसाद तिमल्सिना - मलेसिया, प्रकाशमणि पोखरेल - पोर्चुगल र रीता धिताल - पाकिस्तानका लागि राजदूतमा सिफारिस भएका छन्।

यसअघिको सरकारले लोकदर्शन रेग्मीलाई भारतका लागि तथा चन्द्रकुमार घिमिरेलाई अमेरिकाको लागि राजदूतमा सिफारिस गरेको थियो। उनीहरुको संसदीय सुनुवाई बाँकी नै रहेको अवस्थामा नयाँ सरकारको आगमनसँगै उनीहरु राजदूतका लागि सिफारिसमा परे पनि देश भने परिवर्तन भएको छ। रेग्मीलाई यसअघि भारतका लागि सिफारिस गरिएको थियो भने अहिले उनलाई अमेरिकाको लागि सिफारिस गरिएको छ। यसैगरी यसअघि अमेरिकाको लागि सिफारिसमा परेका घिमिरे बेलायतको लागि राजदूत सिफारिस भएका छन्।

राजदूतमा सिफारिस भएकाहरुको संसदीय सुनुवाइबाट नाम अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी

काठमाडौं - ११, काठमाडौं

सम्पर्क नं. ९८४१७२५६६२

# ज्ञानपुञ्जको मध्यस्थतासम्बन्धी तालिम

काठमाडौं/ व्यावसायिक ( कर्पोरेट) क्षेत्रका मुद्दाहरुलाई मध्यस्थताका माध्यमबाट समाधान गर्न बल पुगोस् भन्ने हेतु काठमाडौंमा मध्यस्थतासम्बन्धी तालिम संचालनमा रहेको छ। पाँच दिनसम्म संचालन हुने तालिमबाट भोलि शनिबार ७२ जना मध्यस्थको रुपमा रुपान्तरित हुने स्थिति आएको हो।

नेपाल मध्यस्थता परिषद (नेप्का) र ज्ञानपुञ्ज स्कूल अफ लिडरशीप प्रा.लि.को आयोजनामा उक्त तालिम संचालन भएको हो। बुधबारबाट संचालित उक्त तालिम काठमाडौंको अनामनगरस्थित युनियन हाउसमा संचालित रहेको छ। तालिममा सहभागीहरुले भोलि शनिबार मध्यस्थको प्रमाणपत्र प्राप्त गरेपछि मध्यस्थको रुपमा भूमिका निर्वाह गर्न पाउने ज्ञानपुञ्जका अध्यक्ष हरिप्रसाद डुम्रेले जानकारी दिएका छन्।





विकास, निर्माण, औद्योगिक, व्यापारिक तथा अन्य प्रकृतिका राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका विवादहरु वैकल्पिक विवादका उपायका माध्यमबाट गर्दा उचित हुने सोंचका साथ मध्यस्थको व्यवस्था गर्दिँदै आएको छ। त्यस्ता विवादहरुलाई अदालतमा प्रवेश नगराई वैकल्पिक उपायहरुको व्यवस्था मिलाई टुंगोमा पुऱ्याउँदा त्यसले छोटो समयमा सही समाधान दिने उद्देश्यका साथ परिषदको गठन गरिएको हो। उक्त परिषदको पाठ्यक्रम अनुसार तालिम लिने योग्य व्यक्तिहरु मध्यस्थको रुपमा कार्य गर्न पाउने बताइएको छ।

मंगलबार उक्त तालिमको उद्घाटन महान्यायाधीवक्ता केशव बडालले गर्दै अदालतमा मुद्दाको चाप घटाउनका लागि 'विवाद समाधानका वैकल्पिक उपायहरु' को खोजीलाई तीव्रता दिइनुपर्ने धारणा राखे। उनका अनुसार मेलमिलापकर्ता, मध्यस्थ आदिको भूमिका जनस्तरसम्म पुग्न सकेका खण्डमा अदालतमा मुद्दाको चाप घट्ने स्थिति आउने देखिन्छ। यसैगरी कतिपय निजी क्षेत्रका विवाद तथा समस्याहरुको निराकरण यस्ता वैकल्पिक उपायहरुबाट हुन सक्ने धारणा वडालको रहेको छ।

उनले मन्तव्य राख्दै मध्यस्थ तथा मध्यस्थताका विषयमा कतिपय सैद्धान्तिक त्रुटी देखिएकाले तिनलाई सच्याएर अघि बढ्नपर्ने धारणा राखे। विश्वका अन्य देशहरुमा मध्यस्थको कारण विवादहरुको समाधान भैरहेको अवस्थाको उदाहरण दिँदै उनले भने, 'नेपालमा पनि त्यसको सिको गर्नु जरुरी छ। यसका लागि कतिपय कुरामा सुधार गरी प्रभावकारी हुने खालको ऐन, कानून बनाइनुपर्छ।'

ज्ञानपुञ्जका अध्यक्ष हरिप्रसाद डुम्रेको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नेपाल बार एशोसिएसनका





महासचिव अन्जिता खनालले शुभकामना मन्तव्य राखेकी थिइन्। उनले आफूले मेलमिलापकर्ता र मध्यस्थको तालिम धेरै अघि लिएर पनि त्यसलाई व्यावहारिक रुपमा प्रयोगमा ल्याउन नसकेको भन्दै दुखेसो व्यक्त गरिन्। उनले आफ्नो कार्य व्यस्तताका कारण त्यसो हुन गएको स्पष्ट पार्दै तालिममा सहभागीहरुले आफूलाई व्यवहारमा उतार्न सकेमा त्यसले मुद्दाको चाप कम गर्न सहयोग पुऱ्याउने धारणा राखिन्।

यसैगरी नेप्कामा आवद्ध वरिष्ठ अधिवक्ता गान्धी पण्डितले आफू अमेरिकामा पढेर नेपाल फर्किदा आफूबाट नेपालीजनले ठूलो आशा गरेको स्मरण गरे। उनले मध्यस्थको भूमिका अन्तर्राष्ट्रियस्तरमा निकै नै फलदायी भएको भन्दै नेपालमा पनि केही कमी कमजोरीहरुलाई हटाउन सकेमा यसको नतिजा उल्लेख्य हुने धारणा राखे।

नेप्काका महासचिव बाबुराम दाहालले तालिमले मानिसलाई सक्षम बनाउने तथा त्यसको माध्यमबाट आफूलाई खारेर लान सकिने धारणा राखे। उनले नेप्का औचित्य झल्काउँदै भोलिका दिनमा यसको प्रभावकारिता बढाउन ऐन, कानूनमा परिमार्जन गरी कर्पोरेट क्षेत्रका विवादहरुलाई वैकल्पिक उपायका माध्यमबाट नै समाधान गरिनुपर्ने धारणा राखे।





# सांस्कृतिक अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको तयारी

काठमाडौं/छैटौं नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुने भएको छ। इस्वी संवत् २०२५ को जनवरीको अन्तिम सातामा महोत्सव आयोजना हुने आयोजकले जनाएको छ। उक्त चलचित्र महोत्सवमा ४७ देशका २०४ चलचित्रहरुमध्ये १४२ चलचित्रहरु छनोट गरिएको जनाइएको छ।

महोत्सवमा राष्ट्रियतर्फ ३४ वटा र अन्तर्राष्ट्रियतर्फ १०८ वटा चलचित्र, लघुचलचित्र तथा वृतचित्रहरु छनोटमा परेका आयोजकले प्रेस विज्ञप्तिमार्फत





जनाएको छ।राष्ट्रिय चलचित्रहरुमा बुलाकी, पुजार सार्की, एक भगवत एक गीता, विच्छेद, पँखेटा, डेसान, डेस्टिनी चलचित्रहरु समावेश छन्।

त्यस्तै विभिन्न विधाका छोटा चलचित्ररुमा रित्तो गाउँ, द स्कुल वाल, डाकिनी, निर्देश, थ्रेसहोल्ड, बालक हराएको सूचना, आदेख, चराको नाच, मनु, बेली लगायत अन्य थुप्रै चलचित्र, लघुचलचित्र र डकुमेन्ट्रीहरु समावेश गरिएका छन्।सात राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायकहरुको मूल्यांकनको आधारमा महोत्सवमा सहभागी १५ स्वदेशी र १५ वटा विदेशी फरक फरक विधाका उत्कृष्ट चलचित्रहरुलाई अवार्ड वितरण गरिने जनाइएको छ।

मौलिक कला, संस्कृतिको संरक्षण, संवर्द्धन र चलचित्र विकासको लागि अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आयोजना गरिरहेको आयोजकले जानकारी दिएको छ। सम्बन्धित निकायहरु आफैले कला, चलचित्र र संस्कृति संरक्षण र संवर्द्धनका कार्यक्रमहरु गर्नुपर्नेमा विगतका चलचित्र महोत्सवहरुआयोजना हुँदै गर्दा सम्बन्धित निकायहरुबाट साथ, सहयोग नपाएको महोत्सव निर्देशक सन्तोष सुवेदीले गुनासो व्यक्त गरेका छन्।

यो महोत्सवमा उत्कृष्ट चलचित्र, उत्कृष्ट लघुचलचित्रमात्र नभएर उत्कृष्ट महिला चलचित्र, उत्कृष्ट बालबालिका चलचित्र, उत्कृष्ट सांस्कृतिक चलचित्र, उत्कृष्ट डकुमेन्ट्री लगायत धेरै विधाहरु भएकाले अन्य विधालाई पनि प्रोत्साहन गरिएको छ। महोत्सव काठमाडौंमा आयोजना हुने आयोजक टीमले बताएको छ।

# भक्तपुरमा बाढी

भक्तपुर/ भक्तपुरका विभिन्न स्थानमा बाढी पसेर क्षति पुऱ्याएको छ। बुधबार बिहानैदेखि परेको अविरल वर्षाका कारण भक्तपुरका नदी आसपासका क्षेत्र डुवानमा परेका हुन्।

सूर्यविनायक नगरपालिकाको पुरानो जगाती पुल नजिकको एक कपास उद्योगमा र चाँगुनारायण नगरपालिका-८ को एक फर्निचर उद्योगमा बाढीले क्षति पुऱ्याएको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ। पुरानो जगाती पुल नजिकको ठाडो खोलाको बाढी पस्दा सिरक-डसनामा क्षति पुगेको छ। त्यहाँ अनुमानित १० लाख मूल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ। यसैगरी चाँगुनारायण नगरपालिका ८ मा लक्ष्मी प्रजापतिले सञ्चालन गरेको साइन उडन फर्निचरमा पनि त्यत्ति नै बराबरको क्षति भएको जनाइएको छ। व्रह्मायणी खोलाको बाढी पसी फर्निचर उद्योगका प्लाई र मेसिनमा क्षति पुगेको बताइएको छ।

बाढीले भक्तपुर जिल्लाका विभिन्न स्थानका बस्ती जलमग्न भएका छन्। वर्षाका कारण हनुमन्ते, मनोहरा, बागमती, गोदाबरी लगायतका नदी तथा खोलाहरुमा बाढी आएका कारण डुबान भएको हो।


टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान

टेलिभिजनको दुनियाँमा नेपाली अभियान

- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दैछौं।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीं

Abhiyan

अभियान डिजिटल वर्ल्ड प्रा.लि.

काठमाडौं

विष्णु काफ्ले (९८५१११७५७२)

सूर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाटी, रगत, पेटलगायतका शरीरका अंगहरु), मुटुसम्बन्धी रोगहरु, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालिन रोग लाग्न सक्दछ।

त्यसैले सूर्तीजन्य पदार्थ सेवन नगरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड



Chief-Editor/Publisher : Koushal Kumar Bhattarai, Editor : Krishna Lamsal Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel,

Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu

Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com